म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १०३ आइतबार ९ मंसिर २०८१ ने. सं. ११४५ कछलागा 24 Noveber 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## थाहाका तामाङ मेचीपुलबाट पक्राउ

हेटौंडा, ८ मंसिर/मकवानपुरको थाहा नगरपालिका घरभएका एक युवकलाई प्रतिबन्धित लागुऔषध खैरोहेरोइन ओसार पसारको आरोपमा प्रहरीले झापाबाट पक्राउ गरेको छ ।

थाहा नगरपालिका-६ का ३१ वर्षीय आशाशकाजी तामाङलाई प्रहरीले शुक्रबार दिउँस मेचीनगर नगरपालिका वडा नम्बर-६ पुरानो मेचीपुलबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय झापाले जानकारी दिएको छ । भारतबाट सिटी रिक्सा चढेर आइरहेका तामाङको साथबाट १८ ग्राम ६४० मिलिग्राम खैरोहेरोइन बरामद भएको प्रहरी नायवउपरीक्षक कृष्णकुमार चन्दले बताए ।

लागुऔषध नियन्त्रण ब्युरो काँकडभिटाबाट खटिएको प्रहरीटोलीले तामाङलाई पक्राउ गरेको थियो । तामाङलाई इलाका प्रहरी कार्यालय काँकडभिट्टाको हिरासतमा राखेर अनुसन्धान सुरु गरिएको छ । झापा प्रहरी लागुऔषध बिक्री वितरण तथा ओसारपसार बिरुद्धमा खरो उत्रिँदै आएको छ ।

# 'कैलाशमा धार्मिक पर्यटनको सम्भावना, सरकार केन्द्रित हुनुपर्छ'

साझाकुरा संवाददाता



हेटौंडा, ८ मंसिर/ नेपाली कांग्रेस बागमती प्रदेशका सभापति तथा प्रदेश सांसद ईन्द्रबहादुर बानियाँले बागमती प्रदेशमा धार्मिक पर्यटनको प्रचुर सम्भावना रहेको बताएका छन् । सम्भावनालाई हातमा लिन प्रदेश सरकार केन्द्रित हुनुपर्ने उनको धारणा छ ।

'धार्मिक महत्वका क्षेत्रलाई धार्मिक पर्यटनका रुपमा विकास गर्नुपर्छ । पर्यटन, कृषिउद्यमलाई प्रोत्साहन हुने गरी भौतिक पूर्वाधार विकासका कामहरु अघि बढाउनु अपरिहार्य रहेको छ' उनले भने । नेता बानियाँले सरकारको लगानीलाई उत्पादनमा जोडेर अघि बढ्नुपर्ने पनि बताएका छन् । बानियाँले कृषि, पर्यटन र अन्य क्षेत्रमा गरिएको लगानीलाई उत्पादन केन्द्रित गरेर अघि बढ्नुपर्ने बताएका हुन् ।

मकवानपुरको कैलाश गाउँपालिका-९ नामटरमा रहेको स्यार्सेकालिका मन्दिरको उद्घाटन गर्दै उनले सेवा प्रवाहलाई गुणस्तरीय बनाउने र नागरिकको आयआर्जन वृद्धिका लागि सरकारले कृषि, पर्यटन तथा औद्योगिक उत्पादनमा सरकारले जोड दिनुपर्ने उनले बताए । जिल्लाको विकट क्षेत्रको रुपमा रहेको कैलाशको विकासका लागि आफूले पहल गर्ने उनले बताए । प्रदेश सरकारसँग पहल गरेर सडक पूर्वाधार निर्माण, पर्यटन तथा आर्थिक उपार्जनका लागि आवश्यक योजनाहरु सञ्चालनका लागि बजेट व्यवस्था गरिने उनको भनाई छ ।

कार्यक्रममा कैलाश गाउँपालिका अध्यक्ष लोक मोक्तानले नामटार क्षेत्रलाई नै पर्यटकीय क्षेत्रको रुपम विकास गर्नेगरी आवश्यक पूर्वाधार निर्माणका लागि योजना बनाइरहेको बताए । उनले नामटार क्षेत्रको विकासको लागि स्थानीयको समेत सहयोग आवश्यक रहेकोमा जोड दिए । उनले नामटार कैलाश गाउँपालिकाकै आर्थिक क्षेत्रको रुपमा विकास गर्न सकिने भएकाले पालिकाले समेत प्राथमिकतामा राखेको दावी गरे ।

२०५० सालको बाढीले मन्दिर भत्किएको र कालिकाको मूर्ति पुरिएको थियो । सोही स्थानमा नयाँ मन्दिर निर्माण गरिएको गाउँपालिकाको वडा नम्बर ९ का वडाध्यक्ष भुवनसिंह घलानले जानकारी दिए । २५ लाख रुपैयाँमा निर्माण भएको मन्दिर निर्माणको लागि गाउँपालिकाले १० लाख र प्रदेश सरकारले १५ लाख रुपैयाँ उपलब्ध गराएको थियो । यस्तै मन्दिर संरक्षणका लागि प्रदेश सरकारले १० लाख, विभिन्न व्यक्ति र संस्थाबाट ५ लाख रुपैयाँ प्राप्त भएको पनि उनले जानकारी दिए ।

वडाध्यक्ष घलानका अनुसार मन्दिर संरक्षण योजना अन्तर्गत खोला नियन्त्रण, चौर सम्याउने, पर्यटकीय तीर्थस्थलको रुपमा विकास गर्न अझै करिब १० करोड रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ । चालू आवमा प्रदेश सरकारकाबाट १४ लाख रुपैयाँ मन्दिर संरक्षणका लागि बजेट विनियोजन भएको पनि वडाध्यक्ष घलानले बताए । यो मन्दिरलाई परापूर्वकालदेखि नै आस्थाकी देबीको रुपमा मानिदै आएको छ ।

कुनैपनि ब्यक्तिले गरेको भाकल यो मन्दिरमा पूजाआजा गरेपछि भाकल पूरा हुने विश्वासका साथ मकवानपुरका विभिन्न पालिका सहित छिमेकी जिल्ला र भारतका सीमावर्ती सहरबाट समेत भक्तजन आउने गरेको वडाअध्यक्ष घलानले बताए । मन्दिरमा चण्डीपूर्णिमा र धान्यपूर्णिमामा विशेष पूजाआजा हुँदै आएको छ । परापूर्वकालमा यसस्थानमा १००८ ऋषिमुनिले तपस्या गरेको जनश्रुति समेत रहेको उनको भनाई छ । स्यार्सेखोला, मनहरीखोला र खादेखोलाको त्रिबेणीमा रहेको मन्दिर मकवानपुरकै प्राचीन खुला शिलामध्ये एक हो ।

साबिक नामटार गाविसमा रहेको स्यार्सेकालिका मन्दिरमा परापूर्व कालदेखि पुजाआजा हुँदै आएको स्थानीयले बताएका छन् । स्यार्सेकालिकादेवीसामु मागेको कुरा पूरा हुने जनविश्वाससहित पूजाआजा गर्न भक्तजन टाढाटाढाबाट आउने गरेका छन् । भाकल गरेकाहरु मन्दिरमा धान्यपूर्णिमाका दिन बिशेषरुपमा आउने गरेका छन् । धान्यपूर्णिमाको समयमा मन्दिरमा जान नभ्याउनेहरु चण्डीपूर्णिमा जाने गरेका छन् । २०५० साल अघि यो मन्दिर रहेको स्थानमा प्राकृतिक शीला थियो ।

त्रिभुवनराजपथको चुनियाँबाट करिव ६ किमि यात्रापछि स्यार्सेकालीका पुग्न सकिन्छ । बिगतका दिनमा साबिक नामटारलाई अन्नभण्डारको रुपमा लिइन्थ्यो । मकवानपुरमा पहिलोपटक 'तारपुल' ग्र्याबिटी रोप-वे मार्फत् ग्रामीण क्षेत्रमा उत्पादन भएको तरकारी तथा फलफूल बजार लैजाने र बजार बाट उपभोग्य तथा कृषिका लागि आवश्यक बस्तु ढुवानी गरिएको थियो । २००९ सालमा त्रिभुवन ग्रामविकास केन्द्र खुल्दा नामटारमा विकासको लहर सुरु भएको थियो ।

२०११ मा पनि ठूलो बाढी आएर यस क्षेत्रमा ठूलो नोक्सान गरेको थियो । यो क्रम २०५० मा पनि दोहोरिएको थियो । २०२४ सालमा गाउँफर्क राष्ट्रिय अभियान सुरु हुँदा चुनियाँ-नामटार मोटर चल्ने सडकको सुरुवात भएको थियो । तर, यो सडकखण्डमा सवारी साधन निकै पछि अर्थात् २०४४ ताका चलेको थियो । २०१३ सालमा नामटार क्षेत्रमा एकसाथ तीनवटा विद्यालय स्थापना भएको थियो । बासुकी, जलेश्वर र कटुञ्जेमा विद्यालय खुलेको थियो । अहिले नामटारमा कक्षा १२ सम्मको अध्यापन हुने गरेको छ ।

## राष्ट्रिय भेट्रान्स फुटबलको उपाधिमा नागस्वतीको ह्याट्रिक




साझाकुरा संवाददाता

हेटौंडा, ८ मंसिर/ हेटौंडामा जारी तेस्रो नागस्वती कप भेट्रान्स फुटबल प्रतियोगिताको उपाधि आयोजक नागस्वाती आफैंले जितेको छ । नागस्वतीले लगातार तीनवटै संस्करणको उपाधि जितेको हो ।

हेटौंडा उपमहानगरपालिका-७ नागस्वतीस्थित जनज्योतिम माविको खेलमैदानमा शनिवार भएको फाइनलमा नागस्वतीले जोरपाटी भेट्रान्स काठमाडौंलाई पेनाल्टी सुटआउटमा ४-३ गोलले पराजित गर्दै उपाधि घर बाहिर जान दिएन । नागस्वती र जोरपाटीले निर्धारित समयमा १-१ गोलको बराबरी खेल खेलेका थिए । यो उपाधि जितेसँगै नागस्वतीले प्रतियोगितामा ह्याट्रिक गरेको हो ।

नागस्वतीले उपाधिसँगै नगद २ लाख १ हजार पाउँदा र उपविजेता जोरपाटीले एक लाख १ हजार नगद, शिल्ड, मेडलमा चित्त बुझाएको छ । खेलको ३९ औं मिनेटमा नागस्वतीका लागि मिलेन्द्र देवानले पहिलो गोल गरे । एक गोलले पछाडि परेको अवस्थामा जोर पाटीले त्यसको ७ मिनेटमै खेल बराबरीमा ल्यायो । जोरपाटीका लागि ४६ औं मिनेटमा निमा लामाले गोल फर्काए । दोस्रो हाफमा दुवै टिमबाट गोल हुन नसकेपछि खेल पेनाल्टी सुटआउटमा गएको थियो ।

पेनाल्टी सुटआउटमा नागस्वतीबाट मिलेन्द्र देवान, दिलिप छेत्री (गोलरक्षक), बिक्रम श्रेष्ठ र निमा लामाले गोल गरे । जोर पाटीबाट राकेश लामा, निमा लामा र रञ्जित लामा मात्रै गोलगर्न सके । फाइनल खेलको म्यान अफ दी म्याच नागस्वतीका गोलरक्षक दिलिप क्षेत्री घोषित भएका छन् ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी नागस्वतीका सन्तोष बस्नेत बने । उनले नगद ५० हजार पाएका छन् । प्रतियोगिताको उत्कृष्ट फर्वाड जोरपाटीका सुरज सुवेदी, उत्कृष्ट गोलरक्षक नागस्वतीका क्षेत्री, उत्कृष्ट डिफेन्डर मिलन राई, उत्कृष्ट मिडफिल्डर राजकुमार घिसिङ, उत्कृष्ट स्कोरर (धेरै गोल गर्ने) मिलेन्द्र देवान, उत्कृष्ट प्रशिक्षक भीम श्रेष्ठ घोषित भएका थिए । विधागत उत्कृष्ट खेलाडीलाई जनही १० हजार नगद प्रदान गरिएको थियो ।

उपाधि विजेता, उपविजेता, विधागत उत्कृष्ट खेलाडीलाई प्रदेश खेलकुद विकास परिषद् बागमती प्रदेशका सदस्य सचिव दीपक लामाले पुरस्कार प्रदान गरे । समापन कार्यक्रमका प्रमुखअतिथि रहेका लामाले स्वास्थ्यका लागि खेलकुद अपरिहार्य भएको भन्दै आगामी प्रदेशस्तरीय खेलमा भेट्रान्स खेलाडीका लागि पनि प्रतियोगिता आयोजनाको व्यवस्था गर्ने प्रतिबद्धता जनाए । प्रतियोगिताले पूर्वखेलाडीको मनोबल उच्चराख्न सहयोग पुग्ने अपेक्ष लिएको आयोजक नागस्वती क्लबका अध्यक्ष सोमबहादुर तितुङ्ले बताए ।

नागस्वती भेट्रान्स क्लबको आयोजनामा भएको प्रतियोगितामा देशभरका ४० वर्षमाथि उमेर समूहका खेलाडी सहभागी थिए । अधिकांश पूर्वराष्ट्रिय फुटबरहरु पनि खेलेका थिए । प्रतियोगितामा देशभरका १५ वटा भेट्रान्स क्लबले सहभागित जनाएका थिए । समापन कार्यक्रममा हेटौंडा-७का वडाध्यक्ष दामोदर गौतम, ८ नम्बर वडाका अध्यक्ष राम थापा, ६ नम्बर वडाका अध्यक्ष बिष्णुप्रसाद दाहाल, ९ नम्बर वडाका अध्यक्ष शुकराम केसी, जिल्ला फुटबल संघका अध्यक्ष टीकाराम लामालगायतको अतिथ्यता थियो ।

## बागमतीमा एकैदिन चारजनाको शव फेला



साझाकुरा संवाददाता

हेटौंडा, ८ मंसिर/ प्रहरी प्रधान कार्यालय, नक्सालका अनुसार बागमती प्रदेशमा शनिवार एकैदिन चारजनाको शव फेला परेको छ । काठमाडौं उपत्यकाभित्र ३ र सिन्धुपाल्चोकमा एक गरी प्रदेशभित्र एकैदिनमा चारजनाको शव भेटिएको हो ।

प्रहरी प्रधान कार्यालयका अनुसार काठमाडौंको गोकर्णेश्वर नगरपालिका-१ सुन्दरीजलस्थित नीमा तामाङको घरको आँगनमा सोलुखुम्बु घर बताउने ५२ वर्षीय नरबहादुर राई शनिबार मृत अवस्थामा फेला परेका छन् । टोखा नगरपालिका-१० खरिबोटस्थित सत्कार खाजा पसल सञ्चालन गरी बस्ने सुनसरी धरान उपमहानगरपालिका घर भएका ५५ वर्षीय अर्जुनकुमार राई सोही पसलको सटर अगाडि शनिबार मृतअवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

यसैगरी काठमाडौंकै दक्षिणकाली नगरपालिका-६ दक्षिणकाली साँस्कृतिक क्षेत्र सुधार समितिको जंगलको पानी टँ्याकी नजिक खोल्सामा अन्दाजी ६० वर्षीय पुरुष शनिबार मृतअवस्थामा फेला परेका छन् ।

यसैगरी सिन्धुपाल्चोकको सुनकोशी गाउँपालिका-५ रतनकोट बस्ने ७० वर्षीय टीकाबहादुर विश्वकर्मा पनि त्रिपुरासुन्दरी गाउँपालिका-३ तारकेनीस्थित हुन्दुङ खोल्साको किनारमा शनिबार मृतअवस्थामा फेला परेका छन् । शव फेलापरेको सम्बन्धमा अनुसन्धान भइरहेको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

बगमती प्रदेशमा यसअघि एकैदिन ६ जनासम्मको मृत्यु भएको रेकर्ड पनि छ । ९ वैशाख २०८० शनिवारको दिन बागमती प्रदेशका १३ जिल्लामध्ये पाँच जिल्लामा ६ जनाको मृत्यु भएको थियो । काभ्रेपलाञ्चोकमा दुई, सिन्धुपाल्चोक, नुवाकोट, चितवन र धादिङमा विभिन्न घटनामा परी एक-एक जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाको तथ्यांकमा छ ।

## व्यक्ति, समाज र आर्थिक विकासमा खेलकुदको महत्व छ: मन्त्री महर्जन

साझाकुरा संवाददाता

हेटौंडा, ८ मंसिर/ बागमती प्रदेशका युवा तथा खेलकुदमन्त्री मीनकृष्ण महर्जनले व्यक्तिको स्वास्थ्य तथा सामाजिक र आर्थिक विकासमा खेलकुदक्षेत्रको महत्व रहेको बताएका छन् । खेलकुद क्षेत्रको विकासमा राज्यले प्राथमिकता दिनुपर्नेमा उनको जोड छ ।

हेटौंडा उपमहानगरपालिका-३ मा आयोजित प्रथम मकवानपुर जिल्लास्तरीय कराते प्रतियोगितालाई सम्बोधन गर्दै उनले युवाको प्रतिभाको पहिचान र सृजनात्मकताको विकास, पर्यटन, रोजगारमार्फत् आर्थिक विकासमात्रै नभई राष्ट्रको अन्तर्राष्ट्रिय पहिचानमा समेत खेलकुदले महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गर्दै राज्यले स्थानीय र राष्ट्रियस्तरमा खेलकुदका कार्यक्रमलाई प्रोत्साहित गर्नुपर्ने उनले बताए ।

मन्त्री महर्जनले बागमती प्रदेशलाई खेलकुदमय बनाउने प्रतिवद्धता व्यक्त गर्दै त्यसका लागि आवश्यक आधारभूत संरचनाको विकास गर्ने, प्रशिक्षण केन्द्र, र खेलकुद सामग्री उपलब्ध गराउने, प्रशिक्षण र तालिम कार्यक्रमलाई तीब्र पार्नुको साथै खेलाडीलाई प्रोत्साहन दिन विशेष अनुदान र पुरस्कारको व्यवस्था गर्ने बताए ।

त्यस्तै प्रदेश खेलकुद विकास परिषद्का सदस्य सचिव दीपक लामाले खेलकुद क्षेत्रको विकासका लागि योजनावद्ध कार्यक्रम अघि सारिएको भन्दै आगामी दिनमा त्यसलाई प्रभावकारीरुपमा कार्यान्वयन गरिने बताए । लेवट डोजो/इन्टर नेशनल बादो फेडेरेशन नेपाल र नेपाल कराते महासंघको संयुक्त आयोजनामा भएको प्रतियोगितामा जिल्लाभरका करिब २ सयजना महिला तथा पुरुष खेलाडी सहभागी थिए । कार्यक्रममा विजेता खेलाडीलाई शिल्ड, मेडल तथा प्रमाणपत्र वितरण गरिएको छ ।



डोजोका अध्यक्ष पेमा लामाको अध्यक्षातामा भएको कार्यक्रममा वडाध्यक्ष ढलकबहादुर थापा, नेपाली कांग्रेसका नेता प्रभातकुमार दाहाल, आठौं साफ स्वर्णपदक विजेता तथा नेपाल कराते महासंघका सदस्य रवि महर्जन, खेलकुदसम्वद्ध संघ संस्थाका राजु मुक्तान, रविन्द्र घिमिरे, प्रमुख प्रशिक्षक मोहन महर्जन तथा डोजोका सल्लाहकार टेकनाथ शिवाकोटी लगायतले खेलकुद क्षेत्रको प्रवर्द्धनको विषयमा धारणा राखेका थिए ।

**जग्गा बिक्रीमा**

हेटौंडा उपमहानगरपालिका-४, ॐ आयल पछाडि रहेको दुर्गा खाजा घर संचालनमा रहेको १५ धुर जग्गामा बनेको घरसहित जग्गा बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकले सम्पर्क राख्नुहोला ।

सम्पर्क : ९८५११८३३२३ (सुजित कुँवर)

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# अन्यौलमा धुलो दूध कारखाना सञ्चालन

नेपाल कृषिप्रधान मुलुक भएर पनि कृषिजन्य बस्तु विदेशबाट आयात गर्नुपर्ने अवस्था आउनु भनेको लाजमर्दो कुरा हो । गाईभैंसी पालेर दूध बेच्ने किसानले लामोसमयसम्म 'मिल्क होलिडे'को सामना गर्नुपर्‍यो । दूध बिक्री भयो समयमै पैसा पाइदैन । हेटौंडा उपमहानगरपालिका-१०, स्थित दुई वर्षदेखि धुलो दूध कारखाना (पाउडर प्लान्ट) बन्यो तर, संचालनमा आउन सकेन । पाउडर प्लान्ट सञ्चालनको मोडालिटी टुंग्याउन यतिबेला अध्ययन समिति गठन गरिएको छ । प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले सरकारी स्वामित्वको दुग्ध विकास संस्थान (डीडीसी)सँग यसअघि नै सञ्चालन प्रस्ताव मागेर हालै अध्ययन समिति गठन गरेको हो । डीडीसीलाई कार खाना दिने भन्दा कृषिमन्त्री प्रकाश श्रेष्ठ अध्ययन समिति गठनको बाटोमा लागेका हुन् ।

प्रदेश नीति तथा योजना आयोगका कृषिक्षेत्र हेर्ने सदस्य दीपेन्द्र श्रेष्ठको संयोजकत्वमा गत २७ कार्तिकमा मन्त्रीस्तरीय निर्णयबाट दुग्ध पाउडर प्लान्ट सञ्चालन मोडालिटी अध्ययन समिति-२०८१ गठन भएको छ । समितिमा ६ जना सदस्य छन् । समितिलाई १५ दिनभित्र अध्ययन प्रतिवेदन पेश गर्ने समय दिइएको मन्त्रालयका सचिव विनोद भट्टराईले जानकारी दिए । अध्ययन समितिले दिएको सुझावका आधारमा दूध कारखानाको सञ्चालन मोडालिटी टुंगो लगाइने भएको छ । प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले अलपत्र परेको पाउडर प्लान्ट चलाउन यसअघि डीडीसीलाई जिम्मेवारी दिने उद्देश्यले सञ्चालन कार्यविधिसहितको प्रस्ताव माग गरेको थियो । कृषिमन्त्री श्रेष्ठको अध्यक्षतामा डीडीसीका निमित्त महाप्रबन्धक सूर्य पौडेलसहित मन्त्रालयमा गत २६ भदौमा बसेको काराखाना सञ्चालनसम्बन्धी बैठकले सञ्चालन प्रस्ताव पेश गर्ने निर्णय गरेको थियो । डीडीसीले असोज दोस्रो हप्ता अर्थात दशैंअघि मन्त्रालयलाई प्लान्ट सञ्चालन मोडालिटीसहित प्रस्ताव पेश गरिसकेको छ । डीडीसीका निमित्त महाप्रबन्धक पौडेलले मन्त्रालयलाई प्लान्ट सञ्चालनको विस्तृत विवरणसहित प्रस्ताव पेश गरिएको जानकारी दिए । प्रस्तावमा प्लान्ट सञ्चालनबाट प्राप्त आम्दानी प्रदेश सरकार र डीडीसीबीच बाँडफाँड हुने उल्लेख गरिएको पौडेलले बताए । प्लान्टको व्यवस्थापकीय प्राविधिक जिम्मेवारी, दूधलगायतका कच्चापदार्थको सहज आपूर्ति, बजारीकरणको अवस्थाका विषय प्रस्तावमा समेटिएको उनको भनाई छ । डीडीसीले प्लान्ट सञ्चालनका लागि जिल्लास्थित जिल्ला दुग्ध उत्पादक सहकारी संघलाई पनि जोड्ने प्रस्ताव गरेको छ । जिल्लामा उत्पादित दूध सहकारी संघमार्फत एकद्वारप्रणालीबाट संकलन र बिक्रीवितरण हुँदै आएको छ । 'संघबाट दूध खरिद गरेर प्लान्ट सञ्चालनको योजना छ । यसो गर्दा हामीलाई दूधको कहिल्यै अभाव हुँदैन । जनकपुरदेखिको दूध हेटौंडा ल्याउन पनि सकिने विषय उल्लेख गरेका छौं ।' पौडेलले भने । तराईका जिल्लामा उत्पादित दूध विराटनगरस्थित पाउडर लान्ट पुर्‍याउँदा खर्चिलो भएको पौडेलले बताए । डीडीसीसँग सञ्चालन प्रस्ताव मागेर फेरि अध्ययन समिति गठन किन भन्ने प्रश्नमा मन्त्रालयका अधिकारीहरु नै अनविज्ञता प्रकट गर्छन् । कृषि मन्त्रालयले विस्तृत कार्ययोजना कार्यविधिबिना हचुवामै प्लान्ट निर्माण गरेको थियो । प्लान्ट चलाउने दीर्घकालीन योजना नहुँदा मन्त्रालयले कारखानाको अस्थायी सञ्चालन डीडीसीलाई दिँदै आएको छ ।

आवश्यकताअनुसार डीडीसीले कारखानालाई परीक्षणको रुपमा सञ्चालन गरिरहेको छ । डीडीसीले पाउडर उत्पादन गरिरहेको पौडेलले बताए । प्रदेश दुग्ध विकास बोर्डसँग १४ मंसिर र २२ माघ २०८० मा भएको सम्झौताअनुसार डीडीसीले प्लान्टको विगत डेढ वर्षदेखि परीक्षणको रुपमा सञ्चालन गर्दै आएको हो । कुन मोडालिटीमा उद्योग सञ्चालन गर्ने भन्नेमा टुंगो नलाग्दा उद्योग परीक्षणकालमै सीमित बनिरहेको छ । संघीय सरकार मातहतको दुग्ध विकास आयोजनाको पशुआहार उत्पादन उद्योगको साढे १ बिघा क्षेत्रफलमा प्रदेश सरकारको ४७ करोड ३३ लाख २४ हजार रुपैयाँमा कारखाना निर्माण गरिएको हो । १६ पुस २०७७ मा तत्कालीन मुख्यमन्त्री डोर मणि पौडेलले शिलान्यास गरेको कारखानाको निर्माणकार्य एक वर्षभित्र सक्ने गरी इजी इन्फ्रा कम्पनीले ठेक्का सम्झौता गरेको थियो । कम्पनीसँग १ पुस २०७७ मा ४१ करोड २२ लाख ७१ हजार रुपैयाँमा ठेक्का सम्झौता भएको थियो । तीनपटक म्यादथप गरी कारखाना निर्माण भएकाले यसको लागत ६ करोड बढेको मन्त्रालयका योजना महाशाखाप्रमुख तथा प्रवक्ता सुजन कंडेलले बताए । कारखाना दैनिक ६० हजार लिटर दूध खपत गर्ने क्षमताको रहेको छ । नियमित सञ्चालनमा आएमा पाउडर प्लान्टबाट प्रतिदिन ५ मेट्रिकटन र प्रतिवर्ष एक हजार पाँच सय मेट्रिकटन धुलो दूध उत्पादन गर्न सकिने बताइएको छ । कृषकले उत्पादन गरेको दूधबाट दैनिक पाँच मेट्रिकटन पाउडर दूध उत्पादन र प्याकिङ गर्ने लक्ष्य कारखानाको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ मंसिर १० गते सोमबार २५ नोभेम्बर २०२४ । दशमी, मार्ग कृष्णपक्ष । कछलागा ११४५ ने.सं. । सूर्योदय ६:३४, सूर्यास्त ५:०७ । विश्व महिला हिंसाबिरुद्ध दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : व्यापारमा फाइदा मिल्नेछ | तुला | : प्रतिष्ठित काम पाइनेछ |
| वृष | : इनाम हात पर्नेछ | वृश्चिक | : सामाजिक दायित्व बढ्नेछ |
| मिथुन | : श्रम खेर जानेछ | धनु | : काममा सहयोग मिल्नेछ |
| कर्कट | : पढाइमा प्रगति हुनेछ | मकर | : अनावश्यक खर्च हुनेछ |
| सिंह | : उत्साहमा कमी आउनेछ | कुम्भ | : चिताएको काम बन्नेछ |
| कन्या | : आफन्तबाट धोका हुनेछ | मीन | : नसोचेको फाइदा पाइनेछ |

# आसन्न संकटमा गगन-विश्व पुस्ताको चुनौती



✍सुदर्शन आचार्य

मुलुकको हरेक परिवर्तनको आन्दोलनमा अग्रणी भूमिकामा देखिएको कांग्रेस यतिबेला सरकार निर्माणमा भने पालैपालो दुई बामपन्थी दल नेकपा एमाले र माओवादी केन्द्रको 'बैसाखी' बनेको भन्ने आफ्नै कार्यकर्ताको आरोपबाट बाहिर निस्कन सकेको छैन । एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वमा सरकार निर्माण गर्न 'राजी' हुँदा गरिएको सम्झौतामा कांग्रेस नेता शेरबहादुर देउवाले यसपछि सरकारको नेतृत्व गर्ने भनिएको विषयको अवतरण कसरी होला त्यो त हेर्न बाँकी नै रह्यो ।

त्यही 'सम्झौता पत्र'मा उल्लेख संविधान संशोधनको विषय भने सरकारले 'बहस' मै आजका मितिसम्म ल्याउन चाहेन । ओली नेतृत्वको सरकार निर्माण लगत्तै 'कांग्रेस-एमाले' कै नेता भ्रष्टाचार तथा अनियमितता केसमा पक्राउ पर्ने दरले सरकार परिवर्तनमै राजी भएको भन्ने आरोप प्रतिको 'आशंका कम' र संविधान संशोधन मार्फत राजनीतिक स्थिरताको खोजीकै निम्ति 'एमाले-कांग्रेस' एकै ठाउँमा विशिष्ट परिस्थितिमा उभिएर सरकार निर्माण भएको भन्ने 'आशा ज्यादा' सम्प्रेषित गरिएको थियो । तर, परिणाम आजका मितिसम्म त्यतातिर उन्मुख छैन ।

पुराना पार्टी र नेताबाट आज देशको ठूलै पंक्ति आजित छ । त्यसैको जगमा टेकेर पुराना भन्नासाथ सबै खराब भन्ने 'भाष्य' निर्माण गरिँदैछ । कांग्रेस नेता शेखर कोइरालाले झैं एकै शब्दमा 'सरकार असफल' भयो भनेर वा एमाले नेता शंकर पोखरेलले झैं केपी ओली सरकार 'इतिहासमै सफल' भनेर मात्र सरकारको मापन हुने स्थिति छैन ।

सरकार निर्माणताका गरिएका सम्झौताकै जगमा सरकारले काम प्रारम्भ गरेर सफलताको सिंढी निर्माण गर्ने दायित्व स्वयम् सरकारकै हो । लोकतान्त्रिक पद्धतिलाई 'कांग्रेस-एमाले' दुवै दलले अंगीकार गरे पनि भिन्न मूल्य र मान्यता तथा सैद्धान्तिक आधारमा यी दल चल्दै आएकाले यी दलको जनतामा स्थापित हुने मान्यता पनि फरक छ । विशिष्ट अवस्थामा भन्दै संसद्को ठूलो र दोस्रो दल मिलेर सरकार निर्माण गरेकैले पनि यो सरकारप्रति संविधान संशोधनका माध्यमबाट राजनीतिक स्थिरता, सुशासन र समृद्धिको अपेक्षा जनतामा रहेन नै भयो । तर, सरकारको काम कारबाही हेर्दा लाग्छ - सरकार यो विषय उन्मुख देखिंदैन ।

'पुराना र नयाँ' भन्ने 'भाष्य' निर्माण गरेर एकाथरी आफ्नो राजनीतिलाई मजबुत बनाउने प्रयत्नमा देखिन्छन् । आम मानिसलाई यतिबेला 'नयाँ र पुराना' भन्दा पनि 'परिवर्तनको वेग' बुझ्न सक्ने नेतृत्व चाहिएको हो । परिवर्तनको वेग बुझ्ने नेतृत्व निर्माण गर्दै 'रवि र बालेन' ले राजनीतिका माध्यमबाट र दुर्गा प्रसाईंले अराजक अभिव्यक्ति दिएर कब्जा गरेको मनोविज्ञानसँग त्यो मनोविज्ञानलाई रूपान्तरण गर्दै पार्टी पंक्तिमा जोड्ने अभियानमा कांग्रेसभित्र भने 'गगन-विश्व' देखिन्छन् ।

कांग्रेस पार्टीले 'पार्टी'को रूपमा धारण गर्ने 'विद्रोह'को आवाज बोल्नै पर्ने दायित्वसँगै 'जोस र होस' पुऱ्याउनुपर्ने 'महामन्त्री' नामको भूमिकामा समेत छन् उनीहरू । 'धनराज' माथि पनि गल्ती देखिए कारबाही रोकिनुहुन्न भन्ने 'गगन' को अभिव्यक्ति र बहालवाला मन्त्री कान्छाराम बारे 'विश्वप्रकाश'को टिप्पणीले कांग्रेसजनप्रति 'गगन-विश्व'ले भरोसा जगाएका छन् भने अन्य दलप्रति दबाब पनि ।

'गगन-विश्व' ले प्रतिनिधित्व गर्ने 'पुस्ता' सबै दलभित्र भयंकर धरापमा देखिन्छन् । पार्टी संस्थापनसँग नमिले 'भूमिका खुम्चने' र मिल्न गए देशैभरको 'युवा मनोविज्ञान'बाट टाढिनुपर्ने खतराबीच 'गगन-विश्व' पुस्ताको राजनीति अगाडि बढ्दैछ । पार्टीभित्रको आन्तरिक राजनीतिक जोडघटाउ हेर्ने हो भने पनि डाक्टर शेखर कोइराला समूहबाट महामन्त्री लडेका 'गगन' र प्रकाशमान सिंह समूहबाट महामन्त्री 'विश्व'ले 'कोइराला र सिंह'ले प्राप्त गरेको मतभन्दा दोब्बर मत प्राप्त गरेका थिए ।

तसर्थ पनि यी दुई महामन्त्रीलाई मात्र नभई युवा नेताहरू प्रदीप पौडेल, जीवन परियार, नैनसिंह महरदेखि बद्री पाण्डे समेतले प्रतिनिधित्व गर्ने सबै दलका 'युवा पुस्ता'ले पार्टीभित्र गुटमा रमाउने भन्दा पनि 'स्टन्ट'कै आधारमा उत्तेजना फैलाएर 'कथित जनमत' निर्माण गर्न खोज्ने 'रवि-दुर्गा' ले कब्जा गर्न खोजेको मनोविज्ञान बुझेर 'पार्टी र जनता'बीच आफूलाई प्रस्तुत गर्न सक्नुपर्दछ ।

साँच्चै पुराना नेता र पार्टीबाट देशैभर ठूलो पंक्ति आजित नै छ । सोही कारण पुराना नेता विरुद्ध 'गगन-विश्व' लड्छन् भन्ने आशा र भरोसा पनि छ यतिबेला । तसर्थ, युवा नेतालाई यतिबेला लड्नका लागि 'उपदेश' भन्दा पनि पार्टी र बाहिरबाट 'भरोसा' चाहिएको छ । उल्टै 'गगन-विश्व' पुस्ता लड्नै सक्दैनन् भन्ने भाष्य निर्माण गरिदिंदा 'गगन-विश्व' पुस्ता पनि 'योगेश भट्टराई' बन्ने खतरा देखिन्छ ।

'गगन-विश्व'को पुस्ता न त पारिवारिक विरासतको लाभ लिएर राजनीतिमा उदाएको पुस्ता हो, न त कसैले कसैको लगानीमा नै स्थापित गरिदिएको पुस्ता । यो पुस्ता त आधापेट खाएर सडक संघर्षबाटै स्थापित मात्र नभई आफ्नै नेता गिरिजाप्रसाद कोइरालासँग समेत 'पौंठेजोरी' खेल्दा नेविसंघको सभापति पद मात्र नगुमाई 'दरबारिया' रहेको आरोप खेपेर पनि 'गणतन्त्रका पक्षमा गगनभेदी नारा' लगाएर पार्टीलाई नै गणतन्त्रमा लैजान समेत काविल पुस्ता हो ।

'जोस र होस' दुवै पुऱ्याउन सकेनन् भने 'गगन-विश्व' पुस्ता पनि सबै दलभित्र 'मिचिएर' जाने खतरा उत्तिकै छ । संस्थागत सम्बन्धका हिसाबले सभापतिसँग मिलेर संगठनका गतिविधिलाई अगाडि लैजानुपर्ने दायित्वसँगै पार्टी संस्थापन तथा पुराना नेतासँग टाढिँदै गएको पुस्ता समेतलाई पार्टीमा जोड्दै जानुपर्ने भूमिका पनि समयक्रमले यो पुस्तालाई दिएको छ ।

मन्त्रीमण्डलदेखि भूमि आयोगसम्म भाग खोजेर पनि अलोकप्रियताको जोखिमको छेउमै पर्न नचाहने डा. शेखरको भूमिकादेखि सरकारले राम्रो बाहेक नराम्रो काम गरेको नदेख्ने देउवासम्मको अभिव्यक्तिका बीच फरक 'धार र धारणा' निर्माण गर्न सक्दा मात्र पार्टीलाई बदल्न चाहने पक्षमा आफूलाई उभ्याएको ठहर्दछ भन्ने 'गगन-विश्व' पुस्ताले बुझ्केकै हुनुपर्दछ । यति जोखिम पनि उठाउन नचाहने हो भने यो पुस्ताले समयको वेग बुझ्नै सक्दैन ।

सुशासनको सन्दर्भ कहालीलाग्दो छ । अर्थतन्त्र धरासायी उन्मुख छ । वैदेशिक ऋणको भार थपिंदो छ । आन्तरिक ऋण तथा बेरुजुको अंक बढेको बढेकै छ । सरकार स्वयम् आफैं विद्युत् प्राधिकरणलाई विद्युत्को बक्यौता उठाउन ज्यादा दबाब नदे भन्छ । कूटनीतिक हिसाबले दुई छिमेकी मुलुकलाई समेत सन्तुलनमा ल्याउन सरकार लगभग असफल प्राय: देखिन्छ ।

यस्तै मुलुकभर अराजक गतिविधि बढ्दै जाने संकेत देखिंदैछ । संविधान संशोधनका माध्यमबाट राजनीतिक स्थिरताका लागि निर्वाचन प्रणाली बदल्ने भनेर निर्माण भएको सरकारका काम त्यतातिर उन्मुख देखिंदैन । त्यसैगरी कानुन हातमा लिएर लोकतन्त्रका नाममा अराजक अभिव्यक्ति दिनेकै पछाडि जानेर वा नजानेर जनमत दौडँदैछ । सतहमा हेर्दा सामान्य झैं लागे पनि साँच्चै मुलुक यतिबेला असहज परिस्थितिमा छ । नेतृत्वको यस्तैबेला परीक्षण हुने हो । आजको 'आँधी अघिको सन्नाटा' को परिस्थिति चिर्ने नेतृत्वको खोजीको समय पनि हो, यो । तसर्थ, यही समय मुलुकले 'गगन-विश्व' पुस्ताको भूमिका खोजिरहेछ ।

सिंगै मुलुकको अभिभावकीय शक्तिका रूपमा बुझिँदै आएको कांग्रेसभित्रको युवा पुस्ताले राष्ट्रिय समस्याको पहिचान गरी 'जोस र होस'को समिश्रणबाट कार्यसम्पादनको अपेक्षा मुलुकले राखेको छ । एउटा नगरको मेयरसँग 'पौंठेजोरी' खेल्ने प्रधानमन्त्री, सरकारको कार्यसम्पादन सन्तोषजनक नदेखिंदा पनि 'अत्यन्त सुन्दर' भनेर बनावटी अभिव्यक्ति दिइरहेका छन् कांग्रेस सभापति देउवा । यस्तै कानुन निर्माण गर्ने संसद्मा प्रभावकारी उपस्थिति देखाउन नसक्ने तर, 'मन्त्रिमण्डलदेखि भूमि आयोग'सम्म भाग खोज्ने डाक्टर कोइराला, सत्तामा रहुञ्जेल चामत्कारिक नम्बरको दाबी गरेर सरकारलाई प्रभावकारी बनाउन नसक्ने तर, धकेलिएर विपक्षमा पुग्नासाथ 'होस आएर हुनुपर्दछ' सुशासन लगायतको 'भाषण' गर्ने प्रचण्ड आदिबाट अब अपेक्षा गर्ने ठाउँ साँघुरिएको छ ।

त्योभन्दा ज्यादा न्यायालयलाई स्वतन्त्रपूर्वक न्याय सम्पादन गर्नबाट रोक्न सडक आन्दोलन गर्ने राष्ट्रिय स्वतन्त्र पार्टीसँग त अपेक्षा झनै राख्न नपर्ने देखियो । कांग्रेस लगायत मूलधारका राजनीतिक दलका 'उमेर र विचार'ले युवा पुस्ताले 'सरकार र संगठन'मा वैचारिक हस्तक्षेप गर्न नसक्ने र उनीहरूलाई पार्टी तथा बाह्य फाँटबाट भरोसायोग्य मद्दत पनि प्राप्त नहुने हो भने न त पार्टी सच्चिन्छन् न त मुलुकले नै काँचुली फेर्नेछ ।

त्यो अवस्थामा मुलुक फेरि केही दशक 'स्टन्ट' गर्नेकै हातमा पुगेर 'असफल राष्ट्र' उन्मुख बन्नेछ । तसर्थ, यतिबेला हरेक दलका युवा नेतालाई मनोबल गिराउने भन्दा पनि भरोसायोग्य साथ चाहिएको छ । जसले 'पार्टी र परिवार'बाट माथि उठेर राष्ट्रिय आवश्यकता पूरा गर्न सकोस् । सँगै त्यो अर्थात् 'गगन-विश्व' पुस्ताले पनि यतिबेलाको संकटलाई 'चुनौती र अवसर'का रूपमा लिएर पार लगाउनेतर्फ आफूलाई अब्बल सावित गर्ने समय हो, यो ।

*(साभार: अनलाइनखबर)*

# श्वासभन्दा मूल्यवान् अरू कुनै चीजै छैन



✍प्रेम रावत

तपाईंहरूसमक्ष मैले राख्न चाहेको कुरा एकदमै सरल छ । यो कुरा कुनै देशको होइन, यो तपाईंकै कुरा हो । तपाईंजस्ता हरेक व्यक्तिको हो । तपाईंभित्र यो श्वासरूपी आशिर्वाद आइरहेको अनि गइरहेको छ । सबैभन्दा ठूलो कुरा के हो भने हरेक श्वासमा अटुट शान्ति लुकेको छ ! हरेक श्वासमा ती सृष्टिकर्ताको झलक लुकेको छ अनि त्यो सबैभित्र छ ।

तपाईं यो संसारमा जन्मेर आउनुभयो । उपहारका रूपमा पहिलो दिन, दोस्रो दिन, तेस्रो दिन प्राप्त भयो । दिनसँगसँगै हप्ता भयो । हप्तापछि महिना भयो, महिना हुँदै वर्ष हुन पुग्यो । तर, यो धनमाल, यो आनन्द, यो परमानन्दभित्रको भित्रै रहे । त्यसपछि बाहिरको श्वास बाहिरै अनि भित्रको श्वास पनि बाहिरै हुने दिन आयो । सबै कुरा बाहिर भएपछि आउने-जाने क्रम रोकियो । यो संसारमा खाली हात आउनुभएको थियो अनि खाली हात नै यो संसारबाट जानुभयो । तथापि, म तपाईंलाई खाली हात त आउनुभएको थियो तर खाली हात जानुपर्ने आवश्यकता छैन भनेर बताउँदै छु । यदि भित्रको कुरालाई बुझ्नुभयो, ती आनन्दलाई अनुभव गर्नुभयो भने तपाईंले खाली हात जानुपर्नेछैन । म समाजको कुरा गरिरहेको छैन । म शहरको कुरा गरिरहेको छैन ।

म तपाईंको जीवनमा शान्तिको दियो बलोस् भनेर हरेक व्यक्तिका बारेमा कुरा गरिरहेको छु । तपाईंको यो फदयरूपी घरमा वर्षौंदेखि अँध्यारोले ढाकिदिएको छ । यो फदयमा शान्तिको दियो बलोस् । तपाईंले पनि आफूलाई के प्राप्त भएको छ भनेर देख्न सक्नुहोस् । दियो बलेपछि अँध्यारो भाग्छ अनि उज्यालो आउनेछ । त्यस दिन तपाईंले देखेर भन्नुहुनेछ, 'वाह ! मेरो जीवनमा पनि आनन्दको दियो बल्यो ।'

यो अनुभवको कुरा हो । म ठाउँ-ठाउँमा गएर मानिसहरूसमक्ष यो कुरा गर्ने गर्छु- तपाईंलाई जुन चीजको खोजी छ त्यो तपाईंभित्रै छ । यो एकदमै आशापूर्ण कुरा हो । यो कुरालाई कहिल्यै पनि नबिर्सनुहोस् ! तपाईंले खोजिरहनुभएको शान्ति तपाईंबाट टाढा छैन । त्यो तपाईंभित्र छ, थियो अनि तपाईं जीवित रहेसम्म तपाईंभित्रै रहनेछ ।

कतिपय मानिसहरू चमत्कार हेर्न चाहन्छन् तर उनीहरूलाई वास्तविक चमत्कार के हो भन्ने कुरा नै थाहा छैन । यदि तपाईं वास्तविक चमत्कारलाई हेर्न चाहनुहुन्छ भने यो श्वासलाई हेर्नुहोस् । यही हो वास्तविक चमत्कार ! यसलाई संसारको धनसम्पत्तिले किन्न सकिँदैन । यो श्वासलाई बुझ्ने कोशिश गर्नुहोस् । आफ्नो जीवनलाई बुझ्ने कोशिश गर्नुहोस् । आज तपाईं जीवित हुनुहुन्छ अनि जीवित हुनुको वास्तविक अर्थ के हो ? यसको अर्थ यो श्वास तपाईंभित्र आयो अनि फेरि गयो । एकदिन तपाईं यो श्वासका लागि तड्पिनुपर्ने दिन पनि आउनेछ । यो आउँछ, जान्छ अनि फेरि कहिल्यै पनि आउँदैन । जीवनमा यस्तै हुन्छ । यो संसारमा श्वासभन्दा मूल्यवान् अरू कुनै चीजै छैन । चाहे करोडपति हुन् या भिखारी, शिक्षित या अशिक्षित सारा दुनियाँको समस्या योसँगै समाप्त हुनेछ । यदि यो श्वासलाई बुझ्नुभएन भने यो प्राप्त भएको अनमोल उपहार पनि हातबाट फुत्कनेछ ।

यसर्थ वास्तविक चमत्कारलाई हेर्न चाहनुहुन्छ भने आफूभित्र आफ्नो फदयमा ध्यान दिनुहोस् । यो चमत्कार बाहिर प्राप्त हुँदैन, किनभने यो त भित्र भइरहेको चमत्कार हो । जसको तपाईंलाई खोजी छ, जुन सच्चा साथीको तपाईंलाई खोजी छ, जो सबैका साथी हुन् नि, ती मित्र तपाईंभित्र छन् । चाहे सबै कुरा समाप्त भए पनि उनले कसैसँग शत्रुता देखाउँदैनन् ।

मानिस त एउटा त्यस्तो यन्त्र हो जसको कण-कणमा एउटै याचना छ । त्यो 'जीवनमा आनन्द र सन्तुष्टि प्राप्त गर' भन्ने याचना हो । अर्थात् त्यो सुख, चैन अनि परम आनन्दलाई अनुभव गर्न सक्नुहोस् । यो मानिसको जुनीमा राखिएको चीज अनन्त छ, सुखमय अनि आनन्ददायक छ । त्यस चीजलाई चिन्नुहोस् । त्यस चीजलाई नचिनेसम्म तपाईंले यो जीवनलाई सफलीभूत तुल्याउन सक्नुहुन्न ।

सबैको फदयमा ती सृष्टिकर्ता विराजमान छन् तर सबै बाहिर दगुरिरहेका छन् । त्यही दौडलाई भित्रतिर लगाउने कुरा हो । भित्रतिर दौडन शुरु गरेपछि उनी स्वयंले हामीलाई बोलाउनेछन् । किनभने, फदय त्यहाँ छ र फदयलाई उनको तिर्खा लागेको छ । त्यो तिर्खालाई मेट्ने विधि के हो ? म त्यही विधिलाई ठाउँ-ठाउँमा गएर मानिसहरूसमक्ष बताउने गर्छु । ती सृष्टिकर्ताले तपाईंकै प्रतीक्षा गरिरहेका छन् । तिनलाई आफ्नो मालिक बनाउनुहोस् । उनको सेवा गर्नुहोस्, त्यसपछि तपाईंको जीवनमा पनि सुख र आनन्दको वर्षा हुनेछ ।

हामी सबैको मनोकामना हुन्छ । एउटा सानो उदाहरण छ । एकजना मानिस थिए । उनी बिहानीको समयमा अन्तर्वार्ता दिनका लागि आफ्नो साइकलमा निस्के । अर्का दोस्रोचाहिँ व्यक्तिले कसैको साइकलको टायर पंकचर भएमा त्यसलाई मर्मत गर्ने भनेर पसल खोलेका हुन्छन् । जागिरका लागि अन्तर्वार्ता दिन गइरहेका व्यक्तिले सृष्टिकर्तासँग भन्छन्, 'हे भगवान् ! मेरो टायर पंकचर नहोओस् । नत्र भने त ढिलो हुनेछ । मैले जागिर नपाउन सक्छु ।'

साइकल पसलेले पनि सृष्टिकर्तासँग प्रार्थना गर्छन्, 'हे भगवान् ! धेरै समयअघिदेखि अहिलेसम्म कसैको टायर पंकचर भएको छैन । एक-दुईवटा टायर पंकचर गराइदिनुहोस् । मेरो आजको खानाको जोहो हुन्थ्यो ।' अब ती सृष्टिकर्ताले कसको कुरा सुन्ने ? हाम्रो कुरा वा उनको कुरा सुन्ने ? हामी बिर्सन्छौं अनि आफ्नो मनोकामनामा बहकिन्छौं ।

दुनियाँको ज्ञानका बारेमा त हामीलाई थाहा छ तर हाम्रै बारेमा बताइने ज्ञानका बारेमा हामीलाई थाहा छैन । तपाईंको सन्दुक (बाक्स) मा दुई हजारजना मानिसको कोठाको चाबी छ तर तपाईंसँग आफ्नै बाकसको चाबी छैन । दुई हजारजनाको चाबी हुनु र नहुनुको फाइदा के नै भयो र ! आफ्नै बाकसलाई त खोल्न सक्नुहुन्न ।

आफ्नो बाकसको चाबी पनि त हुनुपर्छ । आफ्नो ताल्चा पनि त खुल्नुपर्छ । दुनियाँका बारेमा ज्ञान छ तर आफ्नै बारेमा ज्ञान छैन भने के फाइदा भयो र ? दुनियाँको सेवा त गर्नुहुन्छ, हरेक दिन गरिरहनुहुन्छ तर तपाईंभित्रका दिव्य चीजको पनि त सेवा गर्नुपर्छ ! यसको अर्थ हामीले दैनिकरूपमा गरिरहेको कामलाई बन्द गरिदिनुहोस् भनेको पनि होइन । केही छैन, त्यो काम पनि गर्नुहोस् । पत्रपत्रिका पढ्नुमा कुनै खराबी छैन । टेलिभिजन नहेर्नुहोस् भन्न खोजेको पनि होइन ।

तथापि, आफ्ना बारेमा पनि जान्नुहोस् अनि अनुभव गर्नुहोस् । यथार्थमा हामीले अनुभव गर्न नसकेको कुरालाई केवल भनाइका आधारमा मात्र बुझ्यौं भने त त्यो चीज अपूरै रहन्छ । अनुभवको कुरा कस्तो हो भने भोको मान्छेको भोक शब्दले मेटिँदैन, भोजन ग्रहण गर्नै पर्छ । तपाईं जीवित रहुन्जेल यी सबै कुरा सम्भव हुन्छन् । दु:ख पनि हुन्छ, सुख पनि हुन्छ । हाँस्नु पनि हुन्छ र रुनु पनि हुन्छ । कुरा राम्रो पनि हुन्छ अनि नराम्रो पनि हुन्छ । नातागोता पनि हुन्छन् । आफन्तहरूले पनि दु:ख दिन्छन् । कतिपय अवस्थामा छिमेकीले हैरान पार्छन् । कतिपय अवस्थामा हामीले छिमेकीलाई दु:ख दिइरहेका हुन्छौं । यी सबै कुरा भइरहेका हुन्छन् । युवावर्गले जब तीव्र गतिमा कार चलाइरहेका हुन्छन् नि ! त्यतिखेर प्रहरीले समात्लान् कि भन्ने डर रहिरहन्छ । तर, हामी जुन दु:ख, झन्झट आदिबाट बच्ने कोशिश गरिरहन्छौं नि ! एकदिन यी सबै कुरा आफैं बन्द हुन्छन् । कुनै डर छैन । कुनै कार चलाउनुपर्ने छैन । कोही आफन्त हुँदैनन्, कोही केही छैन । सबै कुरा समाप्त हुनेछ । हामी बिहानदेखि बेलुकासम्म कति चिन्ता बोकेर हिँडेका हुन्छौं ! यो कुराको चिन्ता छ, त्यो कुराको चिन्ता छ । चिन्ताबाट जोगिनका लागि हामी के-के चाहिँ गर्दैनौं र ! तथापि, एउटा त्यस्तो समय पनि आउनेछ त्यो समयमा हाम्रा यी सारा चिन्ताहरू आफैं बन्द हुनेछन् । सबै समाप्त हुनेछन् ।

यदि शरीर नै बाँकी रहेन भने कस्ता नातागोता बाँकी रहन्छन् र ! क्सले हैरान पार्छ ? कसैले नराम्रो भने पनि केही हुनेछैन ? हामी जुन यी सारा कुराका पछि दगुरिरहेका छौं नि ! जसलाई हामी झन्झट मानिरहेका हुन्छौं- एकदिन यो कुरा आफैं सकिनेछ र यस्तो घटना सबै मान्छेका लागि घट्नेछ । अर्को जन्ममा स्वर्ग जान पाइयोस् भनेर मानिसहरू कहाँ-कहाँ पुग्छन् । के-के गर्नलाई बाँकी राख्छन् र ! यो मनले चाहना राख्छ ।

तपाईं जीवित रहेकै अवस्थामा यदि कसैले 'तपाईं स्वर्ग जान चाहनुहुन्छ' भनेर सोध्यो भने आफ्नो शिर हल्लाउन सक्नुहुन्छ । तथापि, जब अन्तिम दिन आउनेछ नि ! त्यस बेलामा 'तपाईं स्वर्ग जान चाहनुहुन्छ' भनेर सोधे पनि आफ्नो शिर हल्लाउने क्षमता हुँदैन । न त हुन्छ भन्न सक्नुहुन्छ, न हुन्न भन्न सक्नुहुन्छ । सोच्नुपर्ने कुरा के छ भने, हामी जीवित रहेकाले नै यी सबै कुरा सम्भव भइरहेका छन् । तथापि, यसका अतिरिक्त पनि यो संसारमा हरेक चीज सधैं बदलिरहेको हुन्छ । कुनै पनि चीज स्थायी हुँदैन । न पृथ्वी स्थायी छ, न सूर्य स्थायी छ, न त चन्द्रमा नै स्थायी छ । सबै चीज बदलिरहेका छन् ।

सन्त-महात्माहरूले पनि सत्यताका बारेमा बताएका छन् । सत्यता एक्दमै सुन्दर छ । वास्तवमा दिमागले गर्ने गरेको कल्पना आफैँमा राम्रो हुँदैन । तथापि, हामी त यही दिमागको कल्पनालाई सबैभन्दा उत्तम मान्छौं । सत्यतालाई त हामी देख्नै सक्दैनौं, किनभने यति घोर अन्धकारका कारण हामीले देख्नै सक्दैनौं । यसर्थ ज्ञानको उज्यालो आवश्यक छ । त्यो दियोले फदयलाई छोपेको अँध्यारोलाई हटाइदेओस् । यो अन्धकारलाई हटाउनका लागि मभित्र रहेको ज्ञानरूपी दियोलाई हजुरले बालिदिनुहोस् भन्ने प्रार्थना हुनुपर्छ ।

यदि मेरो जीवनमा प्रकाश प्राप्त भएमा मेरो खोजीमा रहेको त्यस चीजलाई म देख्न पाउनेछु । मैले भौंतारिने आवश्यकता पर्ने छैन । म आफ्नो जीवनमा वास्तविक आनन्दको अनुभव गर्न सक्छु । हामीभित्र यो कुरा नभएसम्म हामी धेरै कुरा गर्ने कोशिश गरिरहन्छौं । यदि हाम्रो जीवनमा यो सम्भावना भयो भने त फेरि वाह ! वाह ! हुनेछ । त्यसपछि मात्रै वास्तवमा मानिसले वास्तविक शान्तिको अनुभव गर्न सक्नेछ ।

*(साभार: न्युज अफ नेपाल)*

# अर्बको यात्रामा नेपाली फिल्म : दिगोपनको प्रश्न यथावत्

काठमाडौं/१५ कात्तिक बिहान अभिनेता विजय बरालले श्रीमती प्रमिलासहित आइप्लेक्स मलमा 'पूर्णबहादुरको सारंगी' हेरे । सिंगो हलमा उनको दम्पती सहित ४ जना मात्रै दर्शक थिए । यो देखेर भावुक पनि भए । निस्कने बेला श्रीमतीलाई आश्वस्त तुल्याउँदै उनले भने- फिल्म उत्कृष्ट बनेको छ । दर्शकको मनमा बस्यो भने वर्ड अफ माउथमा चल्छ ।' सोही दिन बेलुका पनि उनले न्यून दर्शकीय अकुपेन्सीमा फिल्म हेरे ।



लक्ष्मीपूजाको दिन थियो । सिंगो देश घरमा लक्ष्मी भित्र्याउने तयारीमा व्यस्त । देशभर ५६ शो सहित रिलिज भएको फिल्मको ओपनिङ अकुपेन्सी कमजोर थियो । दोस्रो दिन शुक्रबार पनि अकुपेन्सी न्यून रह्यो । आँधी आउनुअघिको शून्यता जस्तो । इतिहास कतिबेला र कसरी लेखिन्छ थाहा हुँदैन । जब शनिबार टिकटकमा फिल्म हेरेर दर्शक रोएका दृश्य आँधी जस्तै भाइरल भए केही घण्टामै यिनले टाइमलाइन कब्जा मात्रै गरेनन्, दर्शकीय मनोविज्ञान सोहोरे । प्रधानमन्त्रीले समेत फेसबुकबाट बधाई दिए ।

आइतबार भाइटीकाको अपराह्नपछि धनकी देवी लक्ष्मीले आशीर्वाद दिएको हुनुपर्छ । एकाएक अकुपेन्सी र शो संख्या उकालो लाग्न थाल्यो । क्रमश: २००, ३००, ४०० हुँदै ५०० को संख्यामा शोहरू विस्तार भए । सखारै ४:४५ बजेदेखि मध्यरातसम्मका शो सबै राताम्मे ।

त्यसपछिका दिनमा लगातार दैनिक २ करोडभन्दा धेरै कमाइ गर्‍यो यो चलचित्रले । २४ कात्तिक, शनिबार ३ करोड ८९ लाख ग्रस कमाउँदै एकैदिनमा सर्वाधिक कमाउने घरेलु फिल्मको रूपमा कीर्तिमान रच्यो । अनि धेरै कमाउने, धेरै शो संख्या र एकैदिनमा धेरै टिकट बिक्री गर्ने सूचकमा 'पूर्णबहादुरको सारंगी'ले अहिलेसम्म बनेका सबै मानक भत्कायो । कीर्तिमानको पटकथा घरमा मात्रै होइन, डायस्पोरामा पनि लेखिने क्रम जारी छ ।

प्रदर्शनको २१ दिनसम्मको हिसाब ४० करोड रुपैयाँ नाघेको छ । विदेशी बक्स अफिसमा २० करोड मूल्य बराबरको टिकट बिक्रीको हिसाब छ । विश्वव्यापी कलेक्सन ५६ करोड नेरु हुन आउँछ । अमेरिकामा एकैदिन २२६ शोको रेकर्ड मात्रै राखेन, १० दिनसम्म ५ लाख डलर (६ करोड ७५ लाख नेरु) कमायो । अष्ट्रेलिया बक्स अफिसमा ८ लाख २१ हजार एयुडी (७ करोड २२ लाख), न्युजिल्याण्डमा ४० हजार अष्ट्रेलियन डलर कमाएको छ ।

'अभूतपूर्व कमाइ देखेर खुसीले आत्तिएको छु । भोलि के हुन्छ थाहा छैन । भूतो न भविष्य टाइपको भयो । बयान गर्ने शब्द छैनन्' बराल भन्छन्, 'मेरो जीवनमा यो जादू जस्तै हो ।' १३ वर्षे फिल्मी करिअरमा विजय सधैं सहायक भूमिकामा खुम्चिए । पहिलो लिड रोलकै 'सर्वकालीन ब्लकबस्टर' बनेपछि यसले घरेलु फिल्मको सामाजिक र आर्थिक आयाममा 'डिस्कोर्स' सिर्जना गरिदिएको छ, जसको गुञ्जन धेरै लामो समयसम्म गुञ्जिरहनेछ । किनभने ५९ वर्ष लामो इतिहास बोकेको घरेलु फिल्ममा २०८१ सालको दशैं-तिहार अहिलेसम्मकै ब्लकबस्टर सावित भइसकेको छ । कुरा, 'पूर्णबहादुरको सारंगी'को मात्र होइन, २४ असोजमा रिलिज भएका 'छक्कापञ्जा ५' र '१२ गाउँ'ले पनि उछाल कमाइ गरे ।

'१२ गाउँ'ले २१ देखि २२ करोड नेरु र 'छक्कापञ्जा ५'ले २० करोड, 'बेहुली फ्रम मेघौली'ले ४ करोड र 'ज्वाइँ साब'ले २ करोड हाराहारीमा कमाइ गरेको बताइन्छ । सर्वाधिक कमाउने एक्सन जनरा फिल्मको रूपमा विराज भट्ट निर्देशित '१२ गाउँ'ले कीर्तिमान रच्यो । 'छक्कापञ्जा ५' ले २० करोड कमाउँदा निर्माता कम्पनी आमा सरस्वती मूभिज देशको पहिलो एक अर्ब कमाउने फिल्म ब्यानर बन्यो ।

दशैं तिहारमा सामाजिक कथा, कमेडी र एक्सन कथा चले । दशैं तिहार जस्ता पर्वमा दर्शकले पारिवारिक र कमेडी फिल्म रुचाउँछन् भन्ने भाष्य यसपटक विखण्डित भएको छ । यसपटक बक्स अफिसमा जुन आँधी देखियो, यसले वितरक र प्रदर्शकले घरेलु फिल्मलाई हेर्ने दृष्टिकोण पनि धेर थोर बदलिएको अनुमान छ । यस वर्ष 'पूर्णबहादुरको सारंगी', 'छक्कापञ्जा ५' जस्ता लगातार ब्लकबस्टर फिल्म दिएको ब्यांकटेस इन्टरटेनमेन्टले अबदेखि नेपाली फिल्म वितरणलाई प्राथमिकता दिने जनाएको छ ।

### १ अर्ब माथि कमाइ, २१ लाखले हेरे फिल्म

यो समाचार लेख्दासम्म ९ लाख दर्शकले 'पूर्णबहादुरको सारंगी' हेरेका छन् । यो संख्या नेपालको जनसंख्याको ३ प्रतिशत मात्रै हो । विजय बराल स्टारर फिल्मको कमाइ र दर्शक संख्या यो सप्ताहान्तमा अझै बढ्ने निश्चित छ । चौथो सप्ताहान्तमा घरेलु बक्स अफिसमा ४० करोड ग्रसको आँकडा पार गर्ने प्रक्षेपण छ । दशैं-तिहारमा रिलिज भएका पाँच नेपाली फिल्मको कुल कमाइ ८३ करोड हाराहारीमा हुन आउँछ । यो भनेको झण्डै २१ लाख दर्शक संख्या हो । यो संख्या मुलुकको कुल जनसंख्याको ७.११ प्रतिशत हो ।

चाडपर्वमा रिलिज भएका पाँच फिल्मले देशभित्र पौने एक अर्बको व्यापार गरे । सोही अवधिमा डायस्पोरामा प्रदर्शनमा आएका फिल्मको कमाइ जोड्दा सवा अर्ब हाराहारीमा देखिन्छ । 'पूर्णबहादुरको सारंगी'ले मात्र अहिलेसम्म २० करोडको कमाइ डायस्पोरा बजारमा गर्‍यो । 'छक्कापञ्जा ५' र '१२ गाउँ'ले पनि विदेशमा उत्कृष्ट कमाइ गरे । देश भित्र र बाहिर गरेर दशैं-तिहारमा मात्रै नेपाली फिल्मको कमाइ १ अर्बभन्दा धेरै छ ।

यो बहसमा नेपाली फिल्म बजारको अर्थतन्त्रलाई बिर्सनुहुँदैन । सोही अवधिमा केही विदेशी फिल्मले राम्रै कमाइ गर्दै पैसा बाहिर लगे । दशैंमा लागेको टम हार्डी स्टारर सुपरहिरो फिल्म 'भेनम ३' ले नेपाली बक्स अफिसमा २ करोड कमाएको छ । तिहारमा आएको 'भुलभुलैया ३'ले साढे ५ करोड र 'सिंघम अगेन'ले ५ करोड कमाएको छ ।

सोही अवधिमा 'जिग्रा' र 'कालिंगा'ले न्यून व्यापार गरे । विदेशी फिल्मको कमाइ समेत जोड्दा नेपाली फिल्म बजारको परिधि र आयतन अझै विस्तार भएको देखिन्छ । २ प्रतिशतले मात्रै चलचित्र हेर्दा पनि निर्माता सुरक्षित हुने अवस्था देखिन्छ ।

एउटा फिल्म चल्दा कम्तीमा यसले घरभित्रै लगभग ५० करोडको व्यापार गर्ने 'पूर्णबहादुरको सारंगी'को कमाइबाट स्पष्ट हुन्छ । डायस्पोराको कमाइ जोड्दा यो संख्या अझ उच्च हुन्छ । यसका लागि जनसंख्याको अनुपात अनुसार पायक पर्ने स्थानमा हलको विस्तार, कन्टेन्टको गुणस्तर र बजारीकरणको आधुनिक शैलीलाई आत्मसात् गर्नुपर्ने देखिन्छ ।

'पूर्णबहादुरको सारंगी'का निर्माताले जसरी टिकटक र रिल्सको 'अल्गोरिदम'लाई बजारीकरणको अस्त्र बनाए, यसले फिल्मको पहुँचमा नआएका दर्शकलाई पनि हलसम्म तान्न सक्यो । सोसल मिडियामा झुम्मिने दर्शक हुन् या २०-२५ वर्षसम्म हलमा पाइला नटेकेका दर्शकलाई समेत यसले अपिल गर्‍यो ।

अब 'अल्गोरिदम' फिल्म प्रवर्द्धनको सशक्त माध्यम बन्न सक्छ भन्ने उदाहरण यसपटक स्थापित भयो । बलियो 'माउथ पब्लिसिटी' र सोसल मिडियाको लगातार ट्रेन्डिङले दर्शकलाई घरेलु फिल्मसँग साक्षात्कार गराउन सक्यो । धन्यवाद, निर्माता निश्चल बस्नेतलाई जसले हल मात्र कमाइ गर्ने स्रोत होइन भन्ने उदाहरण यसबीच पेश गरे । चल्दाचल्दैको फिल्म 'बेहुली फ्रम मेघौली'लाई हलबाट उतारेर बस्नेतले एमएसएम भिडियो नामक ओटीटीमा फिल्मलाई रिलिज गरे ।

२० कात्तिकमा फेसबुक मार्फत बस्नेतले यो फिल्मलाई १० दिनमै १९ हजारभन्दा धेरै दर्शकले हेरेको जनाए । एउटा सब्सक्रिप्सनलाई ४०० रुपैयाँ मान्दा यो फिल्मले सोही अवधिमा ७६ लाख रुपैयाँभन्दा धेरै कमाइ गरेको बुझिन्छ । त्यसयता पनि फिल्मले ओटीटी प्लाटफर्ममा राम्रै कमाइ गरिरहेको छ ।

बस्नेतको शैली पछ्याउँदै 'अगस्त्य' र 'फर्की फर्की'ले पनि ओटीटी प्लाटफर्ममा रिलिज घोषणा गरेका छन् । हलमा जान सहज नमान्ने, विशेषगरी विदेशमा बसेका 'नेटिजन' दर्शकमाझ ओटीटी सहज हुने गरेको छ । हलबाट फिल्म उतार्दै गर्दा- बस्नेतले प्रदर्शकलाई लक्षित गर्दै हलको विकल्प खोज्ने चेतावनी दिएका थिए ।

उनको यो संकेत ओटीटी प्लाटफर्मतिरै थियो । यो डिजिटल प्लाटफर्मले नयाँ दर्शकीय वर्ग खोज्ने मात्र गरेको छैन, परम्परागत 'थिएट्रिकल विन्डो'को विकल्पमा बहस थालेको छ । यसको सुरुवात पनि यो दशैं-तिहारले सुरु गरिसक्यो ।

### नयाँ बजारको खोजी, भत्किए पुराना गढ

पछिल्लो चाडपर्वले घरेलु फिल्मको वितरण र प्रदर्शन प्रणालीमा केही नयाँ ट्रेन्ड देखाएको छ । हिन्दी फिल्मको वर्चस्व हुने मधेश र तराईदेखि पश्चिम र सुदूर पश्चिममा यस पटक नेपाली फिल्म आक्रामक ढंगले चलेका छन् । 'पूर्णबहादुरको सारंगी', 'छक्कापञ्जा ५' र '१२ गाउँ' पूर्वदेखि पश्चिमसम्मै हाउसफुल रहे । सम्भवत: पहिलो पटक नेपाली फिल्म घरभित्रै चलेको यो अभूतपूर्व क्षण हो । '२५ वर्षको मेरो वितरण करिअरमा यस्तो दृश्य पहिला कहिल्यै देखेको थिइनँ' वितरक मनोज राठी भन्छन्, 'यसरी डोमेस्टिक फिल्म चल्दिए भने त विदेशी फिल्म किन चाहियो र ?'

यसपटक नेपालगञ्ज, धनगढी, विराटनगर, जनकपुर, वीरगञ्ज, राजविराज र लहान जस्ता नयाँ बजार नेपाली फिल्मले पायो । हिन्दी र भोजपुरी फिल्मको परम्परागत वर्चस्व देखिएका यी थलोमा यसपटक नेपालीले राम्रै पैसा छापे । 'विराटनगर र नेपालगञ्जमा पहिला हिन्दी फिल्म मात्रै चल्थ्यो' राठी भन्छन्, 'अहिले नेपाली फिल्म भयानक चल्न थाल्यो । त्यहाँ अब हिन्दी फिल्म नभए पनि भैसक्यो ।' वीरगञ्ज, जनकपुर, महेन्द्रनगर, र ाजविराज, लहान जस्ता थलोमा अब क्रमश: नेपाली फिल्म चलाउँदै दर्शकलाई बानी पार्नुपर्ने उनको मत छ । 'विस्तारै हामीले यी ठाउँमा पनि बानी लगाउँदै जानुपर्छ । अन्त हाउसफुल भयो, जनकपुरमा चलेन भन्न चाहिं हुँदैन' उनी भन्छन्, 'विराटनगरमा मैले चलाउँदा ८, १० हजार मात्र सेयर आउँथ्यो ।'

पछिल्लो बक्स अफिस तथ्यांक अनुसार नेपालगञ्ज मोफसलको सबैभन्दा ठूलो बजार देखिएको छ । नारायणगढ, पोखरा, इटहरी, बुटवल मात्र होइन मध्यपहाडका तनहुँ, बागलुङ लगायत हल पनि यसपटक गुल्जार बने । विशेषगरी, 'पूर्णबहादुरको सारंगी'को कमाइले यसपटक घरेलु फिल्मको कमाइमा ठूलै 'पाराडाइम सिफ्ट' देखिएको छ । यसपटक कमाइमा मोफसलले काठमाडौं उपत्यकालाई उछिनेको छ । यसअघि काठमाडौं उपत्यकालाई फिल्मको ६० देखि ७५ प्रतिशत बजार मानिन्थ्यो । यसपटक त्यो बजार उल्टिएको छ ।

दशैं-तिहारमा मोफसलको कमाइ ५५ प्रतिशत हुँदा काठमाडौं उपत्यकाको ४५ प्रतिशतको स्थितिमा छ । पछिल्लो समय लगातार मोफसलका ठूला मात्र होइन मध्यमस्तरका शहरमा समेत आधुनिक र सुविधासम्पन्न मल्टिप्लेक्स स्थापना भइरहेका छन् । ठूला मल्टिप्लेक्स चेन र व्यावसायिक कम्पनीले मोफसलमा अत्याधुनिक हल खोल्न होड गरिरहेका छन् ।

चितवनको म्यांगोज्योति हलले एकाबिहानै ४:४५ मा 'पूर्णबहादुरको सारंगी' देखाइरह्यो र प्रत्येक शो शतप्रतिशत अकुपेन्सी सहित प्रदर्शन भए । पोखरा पनि मध्यरातसम्मै गुल्जार बन्यो । 'दर्शक जुन गतिमा आउनुभयो, यसले मोफसलमा अब फिल्मको बजार विस्तार भयो भन्ने देखाउँछ' पोखरा मिडटाउन मल्टिप्लेक्सका संचालक निकेशले अनलाइनखबरसँग भने, 'अब मेकरले सोही अनुसारका कन्टेन्टमा ध्यान दिनुपर्छ । राम्रा फिल्म बने दर्शक छन् र बजार छ ।' चलचित्र संघका अनुसार मुलुकभर अहिले १५० हाराहारीमा हल सञ्चालनमा छन् ।

### दिगोपनमा संशय

उछाल कमाइपछि कतिपय चलचित्रकर्मीले यसलाई सामाजिक सञ्जालमा 'स्वर्णयुग फर्किएको' भनेर पनि लेखे । दशकौंदेखि व्यापारको खडेरी भोगिरहेको घरेलु फिल्मका लागि यो एक किमिसले 'स्वर्ण युग' हो पनि । अझ कतिपय फिल्मकर्मीले यसलाई 'न भूतो न भविष्यति'को रूपमा समेत व्याख्या गरे ।

तर, यही दशैं-तिहारमै रिलिज भएका अन्य तीन फिल्मले खराब व्यापार गरे । फेस्टिभलको साथ पाउँदा पनि 'ज्वाइँ साब', 'सानो संसार' सहित केही फिल्मले व्यापार गर्न सकेनन् । 'स्वर्णयुग फर्किएको' भनिहाल्न हतार हुनेछ किनभने यसको दिगोपनमा प्रश्न अझै बाँकी छन् ।

चलचित्र संघका प्रवक्ता सुरेन्द्र थापा नेपाली फिल्ममा 'स्वर्णयुग' आउन महिनामा रिलिज हुने चार फिल्ममध्ये कम्तीमा दुई फिल्म सुपरहिट हुनुपर्ने बताउँछन् । 'दशैं-तिहारको व्यापारलाई हेरेर मात्र अघिपछि के हुन्छ ठ्याक्कै भनिहाल्ने परिस्थिति छैन । धेरै वर्षपछि मात्र यस्तो भएको हो' उनी भन्छन्, 'गोल्डेन इरा आउन फिल्म कन्टेन्टकै बलमा चल्नुपर्छ, फेस्टिभलका भरमा होइन । त्यो पनि महिनामा दुई फिल्म सुपरहिट हुनैपर्छ ।'

चाडबाडका फिल्म झुक्किएर चलेका हुन् कि दिगोपन हो भन्ने बुझ्न अझै समय लाग्ने उनको मत छ । 'हामी अझै डरमा छौं । नेपाली फिल्ममा मात्र निर्भर हुनुपर्ने परिस्थिति बनिसकेको छैन । हामी ढुक्क हुन सकिरहेका छैनौं' थापा भन्छन्, 'यतिबेलाको महत्वपूर्ण प्रश्न दिगोपन हो । अहिले भनिएका कुरा हतारिएर भनिएका हुन् ।' उनी दक्षिण भारतमा जस्तो फिल्म संस्कृति नेपालमा आए मात्र घरेलु फिल्मको विकास हुने तर्क राख्छन् । 'साउथको मान्छेले साउथकै फिल्म हेर्छ । बलिउडको सलमान खानसँग मतलब हुँदैन' थापा भन्छन्, 'यहाँ साउथ संस्कृतिको विकास म जरूरी देख्छु ।'

*(स्रोत: अनलाइनखबर)*

# आयात-निर्यात सामान्य सुधार, चार महिनामा पौने ६ खर्ब वैदेशिक व्यापार



काठमाडौं/चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो चौमासिकमा आयात-निर्यात दुवैमा सामान्य सुधार भएको छ । भन्सार विभागका अनुसार साउन-कात्तिकमा ५ खर्ब १३ अर्ब ३८ करोड रुपैयाँ बराबर वस्तु आयात भएको छ । यो अघिल्लो आव यसै अवधिको तुलनामा ०.१७ प्रतिशतमात्र धेरै हो । अघिल्लो आव कात्तिकसम्म ५ खर्ब १२ अर्ब ५० करोड बराबर वस्तु आयात भएको थियो ।

त्यस्तै निर्यातमा समेत सामान्य सुधार भएको छ । यस वर्ष पहिलो चार महिनामा ५२ अर्ब ६७ करोड बराबर वस्तु निर्यात भएको छ । यो अघिल्लो आव यसै अवधिको तुलनामा ४.१६ प्रतिशत धेरै हो । उक्त आवमा ५० अर्ब ५६ करोड ५३ लाख बराबर वस्तु निर्यात भएको थियो ।

कात्तिकसम्म कुल वैदेशिक व्यापार ५ खर्ब ६६ अर्ब ५ करोड बराबर भएको छ । जुन अघिल्लो आव यसै अवधिको तुलनामा सामान्य धेरै हो । गत आवमा कुल वैदेशिक व्यापारको आकार ५ खर्ब ६३ अर्ब ६ करोड रुपैयाँ थियो ।

चार महिनामा व्यापार घाटा ४ खर्ब ६० अर्ब ७१ करोड रुपैयाँ बराबर छ । यो अघिल्लो आवको तुलनामा ०.२६ प्रतिशत कम हो । अघिल्लो आवमा व्यापार घाटा ६ खर्ब ६१ अर्ब ९३ करोड बराबर रहेको भन्सार विभागले जनाएको छ ।

विभागका अनुसार यस वर्ष चार महिनाको कुल वैदेशिक व्यापारमा आयात हिस्सा ९०.७० प्रतिशत र निर्यात हिस्सा ९.३० प्रतिशत छ । निर्यात सामान्य बढ्दा हिस्सासमेत सुधार भएको छ । गत आवको तुलनामा निर्यात हिस्सा ३.६२ प्रतिशतले बढेको हो ।

### इन्धन आयातमा मात्र सवा ८८ अर्ब बाहिरियो

तथ्यांक अनुसार चालु आव पहिलो चार महिनामा ८८ अर्ब २६ करोड रुपैयाँ बराबर इन्धन आयात भएको छ । कुल निर्यातले इन्धन आयात समेत गर्न पुग्ने अवस्था छैन । यस अवधिमा आइरन र स्टिल आयात ४२ अर्ब ५८ करोड बराबरको छ । विद्युतीय उपकरण र पार्ट्स आयातमा ३६ अर्ब ९५ करोड विदेशिएको छ ।

त्यस्तै सवारीसाधन आयातमा ३२ अर्ब ७३ करोड र १३ अर्ब ३० करोड बराबर तरकारीजन्य वस्तु आयात भएको विभागले जनाएको छ । निर्याततर्फ तेल तथा घिउको हिस्सा सबैभन्दा धेरै छ । यस अवधिमा ५ अर्ब ४६ करोड बराबर घिउ तथा तेलजन्य वस्तु निर्यात भएको छ । कफी र चियाजन्य वस्तु निर्यात ४ अर्ब ६४ करोड बराबर भएको देखिन्छ ।

### भारतसँग धेरै व्यापार

चार महिनामा भारतसँग सबैभन्दा धेरै वैदेशिक व्यापार भएको देखिन्छ । भारतबाट चार महिनामा ३ खर्ब १६ अर्ब ८८ करोड बराबर देखिन्छ ।

नेपालबाट भारतमा ३५ अर्ब ७६ करोड बराबर सामान निर्यात भएको छ । चीनबाट नेपालमा १ खर्ब ३ अर्ब बराबर सामान आयात भएको छ । ६८ करोड रुपैयाँ बराबर सामान नेपालबाट चीन निर्यात भएको छ । युक्रेन नेपालमा बढी सामान आयात हुने मुलुकको तेस्रो स्थानमा छ । त्यहाँबाट ९ अर्ब १० करोड रुपैयाँ बराबर सामान आएको छ ।

*(स्रोत: अनलाइनखबर)*


## धितो सुरक्षण लिलाम बिक्री गर्ने बारेको १५ दिने अत्यन्त जरूरी सूचना !

**(सूचना प्रकाशित मिति: २०८१।०८।०९)**

यस संस्थाको हेटौंडा शाखाबाट ऋणकर्जा कारोवार गर्ने तपशिलमा उल्लेखित बमोजिमको ऋणीले उपभोग गरेको ऋण कर्जाको शर्त बमोजिम समयावधिभित्र कर्जाको बुझाउनु पर्ने साँवा व्याज नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरुको उल्लङ्घन गरेको र पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋण कर्जा चुक्ता गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । अत: सूचना प्रकाशित गरिएको मितिले १५ दिनभित्र तिर्नु बुझाउनु पर्ने सम्पूर्ण साँवा व्याज तथा अन्य दै-दस्तुर समेतको रकम चुक्ता गर्न गराउनु हुन सम्बन्धित ऋणी जेथाजमानीकर्ता तथा व्यक्तिगत जमानी बस्ने महानुभावहरुलाई यसै सूचनाद्वारा सूचित गरिन्छ । उक्त अवधिभित्र कर्जा चुक्ता फर्छ्यौट नभएमा बैक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशित भएको मितिले १६औं दिनमा कर्जा लिँदाका बखत धितो सुरक्षण बापत लेखाई दिएको तपशिल बमोजिमको सम्पति जायजेथा जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोहि अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरि संस्थाको लेना रकम असुलउपर गर्नुपर्ने भएकोले उपरोक्त जायजेथाहरु खरिद गरि लिन ईच्छुक महानुभावहरुलाई तपशिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रहि शिलबन्दी बोलपत्र पेश गर्नु हुन यसै सूचनाबाट जानकारी गराईन्छ । साथै धितो सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि यस संस्थाको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनबमोजिम ऋणीको अन्य जायजेथाहरुबाट बाँकी लेना रकम असुलउपर गरिनुका साथै ऋणीको नाम कर्जा सूचना केन्द्र लि. को कालो सूचिमा समावेश गर्न शिफारिस गरि पठाईने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपशिल**

**कर्जा प्रवाह गरेको शाखा, ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ता तथा धितो सुरक्षणहरूको विवरण**

१. **ऋणिको नाम:** राजु श्रेष्ठ (शाखा कार्यालय: हेटौडा) :- **ना.प्र.न:** १९/१०४६, जि.प्र.का. मकवानपुर, **स्थायी ठेगाना :** हेटौंडा न.पा. वडा नं.४, मकवानपुर, **बुवाको नाम :** सुर्जे बहादुर श्रेष्ठ, **बाजेको नाम :** गणेश बहादुर श्रेष्ठ

- **व्यक्तिगत जमानत कर्ता: नाम:** शर्मिला श्रेष्ठ, **ना.प्र.न :** ५५/३६८४१, जि.प्र.का. मकवानपुर, **स्थायी ठेगाना :** पालुङ्ग उ.म.न.पा./गा.वि.स वडा नं. ६, मकवानपुर, **हालको ठेगाना :** हेटौंडा उ.म.न.पा. वडा नं. ४, मकवानपुर, **बुवाको नाम :** ईश्वर मानश्रेष्ठ, **पतिको नाम :** राजु श्रेष्ठ ।
- **धितो सुरक्षणको विवरण :** राजु श्रेष्ठको नाउमा दर्ता रहेको मकवानपुर जिल्ला हटिया गा.वि.स./न.पा. वडा नं.२ स्थित कि.नं. ५२०० को क्षेत्रफल ०-१-०-० (बि.क.धु) जग्गा ।

**(कर्जा शिर्षक : आवधिक घर कर्जा)**

**बोलपत्र सम्बन्धी शर्तहरु:**

१. बोलपत्र फाराम यस संस्थाको कमलादीस्थित केन्द्रीय कार्यालय वा हेटौंडा शाखा कार्यालयबाट रु. १,०००/ तिरी प्राप्त गर्न सकिने छ ।
२. यो बोलपत्र सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०८१/०८/२४ गते सोमबार दिनको २:०० बजे यस संस्थाको हेटौंडा शाखा कार्यालय पारीजातपथ, हेटौंडामा सरकारी प्रतिनिधिहरुको रोहवरमा खोलिने छ ।
३. आफूले सकार गर्न चाहेको जायजेथाको विवरण तथा आफूले कबोल गरेको रकम, अंक र अक्षरमा प्रष्टसंग उल्लेख गरी निवेदनको रुपमा दाखिला गर्नु पर्नेछ ।
४. आफुले कबोल गरेको अंकको १० प्रतिशतले हुने धरौटी रकम संस्थामा जम्मा गरेको भौचर निवेदनसाथ पेश गर्न पर्नेछ ।
५. बोलपत्रदाताले संस्थाबाट लिलाम हुने चलअचल सम्पत्ति (धितो सूरक्षण) जहाँ जे जस्तो अवस्था र परिणाममा छ, सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ ।
६. बोलपत्र खोलिने दिन बोलपत्रदाता वा निजको आधिकारीक प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
७. बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिनभित्र आफूले कबुल गरेको सम्पूर्ण रकम बुझाई सुरक्षणमा रहेको चल/अचल सम्पत्ति आफ्नो जिम्मामा लिनु पर्नेछ ।
८. अधिकतम अंक कवोल गरी बोलपत्र पेश गर्ने व्यक्तिलाई धितो सुरक्षण बिक्री गरिने छ, तर सो अंकमा बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थामा निहित रहनेछ ।
९. धितो सुरक्षण सकार गरी नामसारी गर्दा लाग्ने मालपोत/तिरो, सम्पत्ति कर, राजश्व तथा लाभकर लगायत अन्य सम्पूर्ण पास खर्च तथा दैदस्तुरहरु लिलाम सकार गरि लिनेले नै व्यहोर्नु पर्नेछ ।
१०. बोलपत्र सम्बन्धी अन्य बिस्तृत जानकारी चाहिएमा संस्थाको हेटौंडा शाखा कार्यालय (फोन नं.०५७-५९०८८४/८५) वा कमलादी, काठमाण्डौ स्थित केन्द्रीय कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

**नेपाल फाईनान्स लिमिटेड**
**Nepal Finance Limited**
"नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजत पत्र प्राप्त संस्था"
**मुख्य कार्यालय :** कमलादी, काठमाण्डौ
**फोन नं.:** ०१-४५४५८८५/०१-४५४५८८६
इमेल: info@nepalfinance.com.np वेभसाइट: www.nepalfinancelimited.com.np



**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# बजगाईंले ल्याए 'टोल विकास संस्थाहरुको सक्रियता' पुस्तक

साझाकुरा संवाददाता

हेटौंडा, ८ मंसिर/टोल विकास संस्थाका लागि उपयोगी 'टोल विकास संस्थाहरुको सक्रियता' नामक पुस्तक हेटौंडामा एक कार्यक्रमबीच विमोचन गरिएको छ ।




बागमती प्रदेश सरकारका सामाजिक विकास मन्त्री हरिप्रभा खड्गी श्रेष्ठले पुस्तक विमोचन गरेकी छन् । मकवानपुरका पुराना सञ्चारकर्मी तथा लेखक लक्ष्मण बजगाईद्वारा लेखिएको र नारायण प्रसाद बजगाईले प्रकाशन गरेको पुस्तक विमोचन समारोहलाई सम्बोधन गर्दै मन्त्री खड्गीले आफू जनतासँगै मिलेर काम गर्न चाहने र अहिलेसम्म यस्तै किसिमको अभ्यास गर्दै आएको बताइन् ।

'देश सुधार्न समाज सुधार्नु पर्छ' मन्त्री खड्गीले भनिन्, 'टोलटोलको विकास भयो भने समग्र देशको विकास हुन्छ, टोलको विकास गर्न सम्भाव्यताको नजिक रहेर लेखकले यो पुस्तक तयार गरेको जस्तो मलाई लागेको छ ।' उनले आफू काठमाडौं महानगरपालिकाको उपमेयर भएर काम गर्दा स्थानीय बासिन्दासँग मिलेर मौलिक सांस्कृतिक धरोहर संरक्षणमा महत्वपूर्ण कदम चालेको स्मरण गराइन् ।

समारोह आयोजक बजगाई बन्धु मिलन समाजले हेटौंडामा आयोजना गरेको पुस्तक विमोचन कार्यक्रमका अतिथि टोल विकास संस्था नगरसमन्वय समिति हेटौंडाका अध्यक्ष ध्रुवप्रसाद अधिकारीले विमोचित 'टोल विकास संस्थाहरुको सक्रियता' पुस्तकले टोलका सन्तुलित विकासमा महत्वपूर्ण टेवा पुग्नसक्ने विश्वास व्यक्त गरे । विमोचित पुस्तक 'टोल विकास संस्थाहरुको सक्रियता' लेखक बजगाईको १८ औं कृति हो ।

कार्यक्रममा समाजसेवी एवम् नेपाल ब्राम्हण समाजका केन्द्रीय सदस्य सीताराम बर्तौलाले टोलको विकासमा टोलबासीको एकताले महत्वपूर्ण भूमिका खेल्ने भएकोले विमोचित पुस्तक टोलबासीले अध्ययन गर्नैपर्ने पुस्तक भएको जिकिर गरे । बजगाई बन्धु मिलन समाजका अध्यक्ष एवम् पुस्तकका प्रकाशक नारायणप्रसाद बजगाईको सभापतित्वमा आयोजित पुस्तक विमोचन समारोहका अतिथि मातृभूमि साहित्य समाजका संस्थापक अध्यक्ष एवम् वरिष्ठ साहित्यकार हयग्रीव आचार्यले विमोचित 'टोल विकास संस्थाहरुको सक्रियता' पुस्तकको बारेमा समीक्षा गरेका थिए ।

# ब्याडमिन्टन प्रतियोगिता समापन

साझाकुरा संवाददाता

हेटौंडा, ८ मंसिर/ हेटौंडा उपमहानगरपालिका-४ स्थित नवोदय शिशुसदन अंग्रेजी माध्यमिक विद्यालयले बिके बोस स्मृति पहिलो जिल्लास्तरीय एकल अन्तरविद्यालय ब्याडमिन्टन प्रतियोगिताको उपाधि जतेको छ ।

मकवानपुर जिल्ला ब्याडमिन्टन संघको आयोजनामा भएको प्रतियोगिताको शनिबार हेटौंडामा समापन भएको थियो । अन्डर १३ छात्र/छात्रा र अन्डर १७ छात्र/छात्रामा खेल भएका थिए । जिल्लास्थित सामूदायिक तथा संस्थागत विद्यालयका १ सय १० जना विद्यार्थीले सहभागिता जनाएको प्रतियोगिताअन्तर्गत् १३ वर्ष उमेर समूहबीच भएको प्रतिस्पर्धामा छात्रातर्फ नवोदय शिशुसदनकी विनिसा गुरुङ प्रथम, नवोदयकै मोक्षदा खतिवडा दोस्रो र कमाने एकेडेमीका निकिता भट्टराई तृतीय भए ।

अन्डर १३ छात्रतर्फ सूर्य माविका सर्गम भ्लोन प्रथम, सिद्धार्थ शिशुसदन विद्यालयका आवरण अधिकारी दोस्रो र बालजागृति इङ्लिस सेकेण्डरी विद्यालयका स्वर्णविक्रमसिंह ठकुरी तृतीय हुन सफल भए । यसैगरी शनिवार भएको अन्डर १७ छात्रातर्फको खेलमा नवोदय विद्यालयकी सुजला सापकोटा प्रथम, नवोदयकी प्रसिद्धी मिश्र दोस्रो र कमाने एकेडेमीका सजिना कार्की तृतीय हुन सफल भए ।

अन्डर १७ छात्रतर्फको खेलमा सनराइज इङ्लिस सेकेण्डरी विद्यालयका निर्णय थापा प्रथम, सनराइजकै इन्स लो दोस्रो र सूर्य माविका सुदीप मोक्तान तृतीय हुन सफल भए । प्रतियोगितामा सूर्य माविका सर्गम भ्लोन वेष्ट प्लेयर अफ द म्याच घोषित भए । मकवानपुर जिल्ला ब्याडमिन्टन संघका वरिष्ठ उपाध्यक्ष विजयसिंह ठकुरीको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिका-११ की वडाध्यक्ष जुना दाहालको प्रमुख आतिथ्यतामा विजयी विद्यार्थीहरुलाई पुरस्कार वितरण गरिएको थियो ।

# चित्रेपानी सामुदायिक वनको साधारणसभा




साझाकुरा संवाददाता

हेटौंडा, ८ मंसिर/ हेटौंडा-६ मा रहेको चित्रेपानी सामुदायिक वन उपभोक्ता समूहको २३ औ वार्षिक साधारणसभा शनिवार सम्पन्न भएको छ । हेटौंडा-१५ का वडाअध्यक्ष सुनिल मुक्तानको प्रमुख आतिथ्यता एवम् समूहका अध्यक्ष सूर्यबहादुर घलानको सभाध्क्षतामा साधारणसभा भएको हो ।

साधारणसभाले भानुप्रताप विडारीको अध्यक्षतामा ९ सदस्यीय नयाँकार्यसमिति सर्वसम्मत चयन गरेको छ । समितिको उपाध्यक्षमा हरिप्रसाद दाहाल, सचिवमा श्वेता लामा र कोषाध्यक्षमा सविना विक चयन भएका छन् । यसैगरी सदस्यमा नीलप्रसाद पौडेल, मनोज परियार, नलबहादुर लम्साल, चन्द्रबहादुर भ्लोन र दुर्गा सापकोटा चयन भएका छन् । लेखा समितिको संयोजकमा सुरज घलान चयन भएका छन् ।

साधारणसभाको उद्घाटनमा समूहका अध्यक्ष घलानले संस्थागत प्रतिवेदन सचिव रजनी गौतमले प्रगति प्रतिवेदन र लेखा संयोजक भानुप्रताप बिडारीले लेखा समितिको प्रतिवेदन पेश गरेका थिए । साधारणसभामा समूहलाई विभिन्न क्षेत्रमा सहयोग गर्ने ब्यक्तिलाई सम्मान गरिएको थियो । साधारणसभामा हेटौंडा-६ का वडासदस्य विजय पौडेल, डिभिजन वन कार्यालय, मकवानपुरका वनअधिकृत दीपक अधिकारी, सवडिभिजन वन कार्यालय, चित्रेपानी सामुदायिक वन हेटौंडा-८ कि अध्यक्ष बालकुमारी थापा, सल्लाहकार कुमार तिमल्सिना, शिव खनाललगायतको आतिथ्यता रहेको थियो ।

सभामा डिभिजन वन कार्यालय मकवानपुरका डिभिजनल वनअधिकृत राकेशप्रसाद चन्द्रबंशी, सामुदायिक वन उपभोक्ता महासंघका केन्द्रीय सदस्य रामहरि चौलागाई, मकवानपुर अध्यक्ष साधुराम चौलागाई, सव डिभिजन वन कार्यालय, हेटौडाकी वनअधिकृत सविना रिजाल, डावर नेपालका एशोसियटस मेनेजर विष्णु केसी, सेवानिवृत्त वनकर्मचारी यदुकुमार घिमिरे, सञ्चारकर्मी भीमसेन पौडेल, डढेलो नियन्त्रणमा सहयोग गर्ने सुभाष वाईबालाई सम्मान गरिएको थियो ।

# क्यान मकवानपुरमा नयाँ समिति

साझाकुरा संवाददाता

हेटौंडा, ८ मंसिर/ कम्प्यूटर एसोसिएसन नेपाल महासंघ (क्यान) मकवानपुरको नयाँ कार्यसमिति गठन भएको छ । अध्यक्षमा चिरनकुमार घिमिरे चयन भएका छन् ।

शनिवार भएको क्यान मकवानपुरको १८ औ वार्षिक साधरणासभा एवम् नवौँ अधिवेशनबाट चिरनको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको हो । क्यानको वरिष्ठ उपाध्यक्षमा गोविन्द चौलागाई र श्रीराम खतिवडा, सचिवमा विश्वप्रसाद गौतम, सहसचिवमा स्वागत अधिकारी, कोषाध्यक्षमा उमेश थिङ चयन भएका छन् ।

यसैगरी सदस्यमा श्रवण श्रेष्ठ, सहदेव ढकाल, आकाशबहादुर थापा, उर्मिला सापकोटा, दीपक देवकोटा र दिनेश रिजाल चयन भएका छन् । कम्प्यूटर एशोसियसन नेपाल महासंघ (क्यान) मकवानपुरको अध्यक्ष शिव श्रेष्ठको अध्यक्षतामा कार्यक्रम भएको हो ।

# पालुङ सहकारीदेखि 'एचएसएम'सम्मलाई उत्कृष्ट करदाता सम्मान

साझाकुरा संवाददाता




हेटौंडा, ८ मंसिर/ सरकारलाई सबैभन्दा बढी आयकर दाखिला गर्ने मकवानपुरमा रहेर व्यापार व्यवसाय गर्दै आएका विभिन्न क्षेत्रका करदातालाई सम्मान गरिएको छ ।

आन्तरिक राजस्व कार्यालय हेटौंडाले १३ औं राष्ट्रिय कर दिवस तथा कर सप्ताह कार्यक्रमको समापनका अवसरमा सबैभन्दा बढी आयकर दाखिला गर्ने करदातामा समग्र क्षेत्रतर्फ निक-लुम्बिनी विद्युत् जेभी, उद्योग क्षेत्रतर्फ यती पेन्ट्स नेपाल प्रालि, व्यापार क्षेत्रतर्फ न्यु ब्रदर हार्डवेयर, शैक्षिक क्षेत्रतर्फ हेटौंडा स्कुल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्सेस एजुकेसन प्रालि (एचएसएम)लाई सम्मान गरेको हो ।

सरकारले यसवर्ष 'कर प्रणालीको सार, लगानीको आधार' भन्ने मूलनारासहित मनाइरहेको कर दिवसका अबसरमा सम्मान प्रदान गरेको छ । कार्यालयले बैंक तथा वित्तीय संस्थातर्फ पालुङ बहुद्देश्यीय सहकारी संस्था लिमिटेड, अन्त:शुल्कतर्फ गोरखा लाहारी प्रालिका संचालक/प्रतिनिधिलाई सम्मान प्रदान गरेको हो । मकवानपुर उद्योग वाणिज्य संघ, उद्योग संघ मकवानपुर र चेम्बर अफ कमर्श मकवानपुरलाई कर सहभागितामा पुऱ्याएको योगदानका लागि सम्मान गरिएको थियो ।

कर सप्ताहको समापन तथा सम्मान कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी मकवानपुरलाई समेत सम्मान गरिएको छ । यसैगरी, कर सप्ताहको तेस्रो दिन आयोजना गरिएको खुला निबन्ध प्रतियोगिताका विजेता हेटौंडा स्कुल अफ म्यानेजमेन्टकी छात्रा प्रतिभा भट्टराई (प्रथम), सलिना धिताल (द्वितीय) र स्नेहा उप्रेती (तृतीय) लाई नगदसहित पुरस्कृत गरिएको हो । कार्यक्रमका प्रमुखअतिथि एवम् प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवाल र कर कार्यालयका प्रमुख युक्त सुवेदीले सम्मानपत्र प्रदान गरेका थिए ।

# क्यान मकवानपुरमा नयाँ समिति

साझाकुरा संवाददाता

हेटौंडा, ८ मंसिर/ कम्प्यूटर एसोसिएसन नेपाल महासंघ (क्यान) मकवानपुरको नयाँ कार्यसमिति गठन भएको छ । अध्यक्षमा चिरनकुमार घिमिरे चयन भएका छन् ।

शनिवार भएको क्यान मकवानपुरको १८ औ वार्षिक साधरणासभा एवम् नवौँ अधिवेशनबाट चिरनको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको हो । क्यानको वरिष्ठ उपाध्यक्षमा गोविन्द चौलागाई र श्रीराम खतिवडा, सचिवमा विश्वप्रसाद गौतम, सहसचिवमा स्वागत अधिकारी, कोषाध्यक्षमा उमेश थिङ चयन भएका छन् ।

यसैगरी सदस्यमा श्रवण श्रेष्ठ, सहदेव ढकाल, आकाशबहादुर थापा, उर्मिला सापकोटा, दीपक देवकोटा र दिनेश रिजाल चयन भएका छन् । कम्प्यूटर एशोसियसन नेपाल महासंघ (क्यान) मकवानपुरको अध्यक्ष शिव श्रेष्ठको अध्यक्षतामा कार्यक्रम भएको हो ।

# साइकलयात्रीलाई सम्मान

साझाकुरा संवाददाता



हेटौंडा, ८ मंसिर/ मकवानपुर र मकवानपुरेलाई देशविदेशसम्म पहिचान दिलाएको भन्दै हिमालयन राइडर्स सोसाइटीले ६ जनालाई सम्मान गरेको छ । सोसाइटीका ६ जना सदस्यमध्य ३ जनाले मेचीमहाकाली साइकल यात्रा गरेको र ३ जना तेस्रो अन्तराष्ट्रिय माउन्टेन क्रस कन्ट्री रेस २०८१ मा सहभागी भएका थिए ।

जिल्लाको पहिचान दिन पुऱ्याएको योगदानको कदर गर्दै शनिबार भुटनदेबी मन्दिरमा आयोजित कार्यक्रममा सम्मान गरिएको हो । कृष्णप्रसाद आचार्य, पृथ्वी रायमाझी र बरुण खतिवडाले मेची-महाकाली साइकलयात्रा एकसाता अघि सम्पन्न गरेका थिए । पोखरा तेस्रो अन्तराष्ट्रिय माउन्टेन क्रस कन्ट्री रेस २०८१ का सहभागी सीता श्रेष्ठ, हरिराम राई, आशिष थापामगर सहभागी भई उत्कृष्ठ प्रदर्शन गरेका थिए ।

भुटनदेबी मन्दिर ब्यवस्थापन समितिका अध्यक्ष राममान श्रेष्ठको प्रमुखआतिथ्यमा भएको कार्यक्रममा पिएम सेन्टरका संचालक तथा मकवानपुरका संगीतकार प्रमेन्द्र महर्जन, पतान्जली योग समिति मकवानपुरका सदस्य तथा हिमालयन राइडर्स सोसाइटीका अध्यक्ष राजु थापामगर, संस्थापक अध्यक्ष चेतनाथ आचार्य, कोषाध्यक्ष लक्ष्मीचरण श्रेष्ठ, सदस्य देवराज आचार्यलगायतको सहभागिता रहेको थियो ।

# अधिवक्तालाई वाणिज्य कानून विषयक आधारभूत तालिम

साझाकुरा संवाददाता

हेटौंडा, ८ मंसिर/ उच्चअदालत बार र जिल्ला बार एसोसिएसन मकवानपुरमा आबद्ध अधिवक्तालाई वाणिज्य कानून विषयक तालिम शनिवार प्रदान गरिएको छ ।

तालिम ४२ घण्टा सञ्चालन हुने र मकवानपुरका ४० जना अधिवक्ताको सहभागिता रहने छ । नेपाल कानून ब्यवसायी परिषद् लयर्स एकेडेमी समिति, कुपण्डोल ललितपुरको आयोजना तथा उच्चअदालत बार एसोसिएसन हेटौंडा, जिल्ला अदालत बार एसोसिएसन मकवानपुरको सहआयोजनामा तालिमको आयोजना गरिएको थियो ।

अधिवक्तालाइ सक्षम बनाउने उद्देश्यले तालिमको आयोजना गरिएको कार्यक्रमका सभाध्यक्ष नेपाल कानून ब्यवसायी परिषद् लयर्स एकेडेमी समितिका उपाध्यक्ष वरिष्ठ अधिवक्ता डा. चन्द्रकान्त ज्ञवालीले बताए । ज्ञवालीको सभाध्यक्षतामा भएको तालिम उद्घाटनमा नेपाल बार एसोसिएसनका अध्यक्ष वरिष्ठ अधिवक्ता गोपालकृष्ण घिमिरेको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा उच्च अदालत पाटन हेटौंडा इजलासका न्यायाधीश मीना गौतम सेढाई, न्यायाधीश सानुमैया डंगोल, जिल्ला अदालत मकवानपुरका न्यायाधीश गीता श्रेष्ठ, नेपाल बार काउन्सिलका पार्षद वरिष्ठ अधिवक्ता केशवप्रसाद कापड्ले, जिल्ला बार अध्यक्ष अप्सरा बस्नेत, तत्कालीन पुनरावेदन बार एसोसिएसनका अध्यक्ष मदन दाहाललगायतको आतिथ्यता थियो ।

# हेटौंडामा भैरव जयन्ती मनाइयो

साझाकुरा संवाददाता

हेटौंडा, ८ मंसिर/ हेटौंडा-२ जलेस्वर महादेव मन्दिर परिसरमा स्थापना गरिएको भैरवको मूर्तिमा पूजाआरती गर्दै हेटौंडामा भैरव जयन्ती मनाइएको छ ।

करिव ६ महिना अघि हेटौंडा-२ का फुर्सती परिवारले स्थापना गरेको भैरवको मूर्तिमा पूजाआजा, आरती गर्दै भैरव जयन्ती मनाइएको हो ।

मार्गकृष्ण अष्टमी साँझ भैरव उत्पत्ति भएको दिन मानिन्छ । यही दिनलाई आधार मानेर फुर्सती परिवारले भैरव स्तोत्रपाठ, आरती गरेको हो । कार्यक्रममा सहभागी भक्तजनलाई टीका, प्रसादी बितरण गरिएको थियो ।

भैरव शिव भगवानको अवतार मानिन्छ । भैरवको बाहन कुकुर हो र हरेक वर्षको यमपञ्चकमा कुकुरको पूजाआजा गरिन्छ । कठोर भन्दा कठोर संकटबाट मुक्ति पाउन भैरवको आरधना गर्दा राहत मिल्ने किम्बदन्ती छ । भैरवलाई मासको बारा, जेरी, पञ्चामृत, बिशेष अर्पण गरिन्छ ।

# हेटौंडा-सिन्धुली हुँदै बर्दिबास हिंडेको गाडीमा १८९ किलो गाँजा

साझाकुरा संवाददाता

हेटौंडा, ८ मंसिर/ हेटौंडाबाट सिन्धुली हुँदै मधेश प्रदेशको बर्दिबास जाँदै गर्दा १८९ किलोग्राम गाँजासहित पिकअप गाडी र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

पक्राउ पर्नेमा गाडी चालक चितवनको गीतारनगरका शेरबहादुर लामा रहेका छन् । सिन्धुलीको कमलामाई नगरपालिका-९ स्थित चेकपोष्टमा जाँच गर्ने क्रममा शुक्रबार राति बा.प्र ०३-००१ च२२८० नम्बरको पिकअप गाडीमा लुकाइराखेको गाँजासहित लामालाई नियन्त्रणमा लिइएको सिन्धुली प्रहरीले जानकारी दिएको छ ।

गाडी चितवनबाट हेटौंडा-सिन्धुली हुँदै बर्दिबासतर्फ गइरहेको सिन्धुली प्रहरीले जनाएको छ । यसबारे थप अनुसन्धान सुरु गरिएको जिल्ला प्रहरी कार्यालय सिन्धुलीले जानकारी दिएको छ । हेटौंडाबाट सिन्धुली पुग्दासम्म करिब आधादर्जन प्रहरीचौकी पारगर्नुपर्छ ।

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि विकास कार्यालय चितवन**
भरतपुर चितवन

**प्रांगारिक मल आपूर्तिकर्ता सूचिकरणको सूचना**

**सूचना नं. ५-२०८१/८२**

*प्रथम पटक सूचना प्रकाशित मिति: २०८१/०८/०७*

कृषि विकास कार्यालय, चितवनको आ. व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम प्रांगारिक मल वितरण कार्यक्रम सञ्चालनका लागि प्रांगारिक मल विक्री गर्ने उत्पादक तथा वितरकहरुले यो सूचना प्रकाशित भएको २१ औं दिन (मिति २०८१/०८/२७ गते) सम्ममा कार्यालय समय भित्र आईपुग्ने गरी देहाय बमोजिमका कागजात सहित निवेदन साथ प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

**प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरु**

१. संस्था दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संस्था नविकरणको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी वा कम्पनी भएका कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनि अद्यावधिक भएको पत्रको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
२. संस्थाको PAN वा VAT प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
३. पछिल्लो आ. व. को लेखा परिक्षणको प्रमाणित प्रतिलिपि
४. पछिल्लो आ. व. को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
५. प्रस्ताव साथ चालु आ.व. मा आपुर्ति गर्न सक्ने मलको परिमाण
६. सम्बन्धित निकायमा सूचीकृत गरिएको प्रमाणपत्रको प्रतिलिपि,
७. सरकारी निकायबाट मान्यता प्राप्त प्रयोगशालाबाट अनुसूची ८ मा उल्लेखित प्राङ्गारीक मलको मापदण्ड तथा गुणस्तरको प्रमाणपत्र ( एक महिना भित्रको )
८. प्राङ्गारिक मलको नमुना ( मलको ब्राण्डको नाम, प्रति के.जी. मूल्य खुलेको हुनुपर्ने)
९. आपूर्तिकर्ताले आफूले उत्पादन गर्ने मलको ब्राण्डको नाम, प्रति के.जी. मूल्य, कम्पनीको शाखा / बिक्री कार्यालयहरु र उपलब्ध गराउन सक्ने मलको परिमाण
१०. मलको उत्पादन मिति र प्रयोग गरिसक्नु पर्ने मिति, ब्याच नम्बर, तौल तथा मलमा पाईने पोषण तत्वको मात्रा प्रत्यक प्याकेजिङ्गमा प्रष्ट रुपमा देखिने गरी उल्लेख भएको हुनु पर्नेछ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपानेद्वारा** प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना